जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com

लोकतन्त्रको आधार: सूचनाको अधिकार
- सूचना दिने र लिने संस्कृतिको विकास गरौं,
- सार्वजनिक निकायहरु खुला, पारदर्शी, उत्तरदायी एवं जवाफदेही बनौं,
- सूचनाको हक नागरिकको मौलिक अधिकार हो,
- सूचनाको हकसम्बन्धी ऐन नियमको पूर्ण पालना गरौं र गराऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड



राष्ट्रिय सभा सदस्यको चुनाव आज

# मधेश प्रदेशमा गठबन्धन, एमाले र जनमत मैदानमा

**राजेन्द्र यादव**

जनकपुरधाम। राष्ट्रिय सभा सदस्य पदका लागि बिहीबार चुनाव हुने भएको छ। चुनावका लागि निर्वाचन आयोगले सम्पूर्ण तयारी पूरा गरिसकेको छ।

मधेश प्रदेशबाट चुनिने २ जना सदस्यका लागि मतदान हुने छ। एकजना महिला र एकजना अन्य सदस्य पदका लागि हुने मतदानमा प्रदेश सभा सदस्य, पालिकाका प्रमुख/अध्यक्ष र उपप्रमुख/उपाध्यक्षले भाग लिने छन्।

मतदानका लागि प्रदेशका अधिकांश मतदाताहरु मधेश प्रदेशको राजधानी जनकपुरधाममा आइपुगेका छन्। उम्मेदवारी दिएका दलहरुले मतदाताहरुलाई आ-आफ्नो सुविधा अनुसारको होटेलमा राखेका छन्।

मधेश प्रदेशमा नेपाली कांग्रेसका एकजना र जनता समाजवादी पार्टी(जसपा)का एकजना सदस्यको पद रिक्त भएको हो। त्यसमा सत्तारुढ पाँच दलीय गठबन्धनबाट नेपाली कांग्रेसले धनुषा जिल्लामा घर भएका पुराना नेता आनन्द प्रसाद ढुंगानालाई उम्मेदवार बनाएको छ। जसपाले रौतहट जिल्लाकी पूजा चौधरीलाई उम्मेदवार बनाएको छ।

नेकपा एमालेले एक्लै दुवै पदका लागि उम्मेदवार उठाएको छ। एमालेबाट अन्यमा धनुषाकी विजयेता झा र महिलामा पर्साकी उषा देवी थरुनीलाई उम्मेदवार बनाएको छ।

जनमत पार्टीले रामशंकर महासेठलाई अन्य कोटाबाट उम्मेदवार बनाएको छ। उनी जनकपुरधामका बासिन्दा छन्।



संघीय गठबन्धन सरकारमा सहभागी रहेको जनमत पार्टीले भने गठबन्धन भन्दा अलग भएर उम्मेदवारी दिएको छ।

राष्ट्रिय सभाको चुनावमा प्रदेश सभा सदस्य र पालिकाका प्रमुख/उपप्रमुखहरुले मतदान गर्ने भए पनि उनीहरुको मतभार भने फरक छ। प्रदेश सभासदस्यको मतभार ५३ र पालिका अध्यक्ष/उपाध्यक्षको मतभार १९ रहेको छ।

मधेश प्रदेश सभामा रहेका प्रदेश तर्फ सदस्य तर्फको मतदाता संख्या १ सय ७ रहेको छ। त्यसैगरि गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष तथा नगरपालिकाका प्रमुख र उपप्रमुखको मतदाता संख्या २ सय ६७ कायम रहेको छ। मधेश प्रदेशमा कुल मतदाता संख्या ३ सय ७४ रहेको छ।

> मधेश प्रदेश सभामा रहेका प्रदेश तर्फ सदस्य तर्फको मतदाता संख्या १ सय ७ रहेको छ। त्यसैगरि गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष तथा नगरपालिकाका प्रमुख र उपप्रमुखको मतदाता संख्या २ सय ६७ कायम रहेको छ। मधेश प्रदेशमा कुल मतदाता संख्या ३ सय ७४ रहेको छ।

सो अनुसार मधेश प्रदेशमा प्रदेश सभा सदस्यको मतभार ५ हजार ६ सय ७१ र गाउँ पालिका अध्यक्ष/उपाध्यक्ष र नगरपालिकाका प्रमुख/उपप्रमुखको मतभार ५ हजार ७३ रहेको छ। कुल मतभार १० हजार ७ सय ४४ रहेको छ।

दलगत रुपमा कांग्रेसको प्रदेश सभा तर्फ १ हजार १ सय ६६ मतभार र स्थानीय तर्फ १ हजार ९ सय ७६ मतभार गरी कुल ३ हजार १ सय ४२ मतभार रहेको छ। रौतहटमा कांग्रेसका एकजना अध्यक्ष निलम्बनमा परेकाले १९ मतभार घटेको छ।

त्यसैगरि नेकपा एमालेको प्रदेश सभा तर्फ १ हजार २ सय ७२ मतभार र स्थानीय तर्फ १ हजार ८३ मतभार रहेको छ। एमालेको कुल मतभार २ हजार ३ सय २५ रहेको छ।

जसपाको प्रदेश सभा तर्फ १ हजार ७ र स्थानीय तर्फ ९ सय ३१ मतभार रहेको छ। सप्तरीमा जसपाका ३ जना मेयर निलम्बनमा परेकाले ५७ मतभार घटेको छ।

माओवादीको प्रदेश सभा सदस्य तर्फको मतभार ४ सय ७७ र स्थानीय तर्फ ३ सय ४२ गरी कुल ८ सय १९ मतभार रहेको छ।

त्यसैगरि लोकतान्त्रिक समाजवादी पार्टी(लोसपा)को प्रदेश सभा तर्फ ४ सय ७७ र स्थानीय तर्फ ४ सय ५६ गरी कुल ९ सय ३३ रहेको छ।जनमत पार्टीको प्रदेश सभा तर्फ ६ सय ८९ र स्थानीय तर्फ ५७ गरी कुल ७ सय ४६ रहेका छन्।

नेकपा एकीकृत समाजवादी(एस)को प्रदेश सभा तर्फ ३ सय ७१ र स्थानीय तर्फ २सय ९ गरी कुल ५ सय ८० मतभार रहेको छ।

नागरिक उन्मुक्ति पार्टीको प्रदेश सभा तर्फको कुल ५३, राप्रपाको प्रदेश सभा तर्फको कुल ५३ र संघीय समाजवादीको प्रदेश सभा तर्फको कुल ५३, एक जना स्वतन्त्र सभासदको कुल ५३ मतभार रहेको छ। विवेकशिल साझा पार्टीको कुल ३८ मतभार रहेको छ।

सत्तारुढ ६ दलको कुल मतभार ७ हजार ४ सय ४६ रहेको छ। मतदानमा ऋस मतदानको संभावना न्यून रहने र मतबदरपनि न्यून हुने देखिएको छ।

निर्वाचन आयोगका प्रवक्ता शालीग्राम शर्मा पौडेलका अनुसार बिहान ९ बजेदेखि अपरान्ह ३ बजे सम्म सबै प्रदेशमा मतदानको समय निर्धारण गरिएको छ। मतदान सम्पन्न भएपछि मतगणना गरी नतिजा घोषणा गरिनेछ।

मधेश प्रदेशका लागि जनकपुरधाम स्थित महेन्द्रनारायण निधि मिथिला संस्कृति केन्द्र भवनमा मतदान केन्द्र तोकिएको छ। सुरक्षाका लागि कडा व्यवस्था गरिएको छ।

धनुषाका प्रहरी प्रमुख एसपी मित्रबन्धु शर्माले जनाए अनुसार मतदाता, उम्मेदवार हरुलाई निर्वाध रुपमा मतदान गर्न सुरक्षाको सम्पूर्ण तयारी पूरा गरिएको छ।

मतदाता वाहेकका व्यक्तिहरुलाई मतदान स्थल वरिपरि प्रवेश निषेध गरिएको छ। सवारी साधनलाई पनि मतदान स्थलको भन्दा टाढा नै राखिने व्यवस्था गरिएको छ। मतदान स्थलमा मतदाताहरुलाई सहज रुपमा पुऱ्याउने प्रबन्ध मिलाइएको सुरक्षा अधिकारीहरुले बताएका छन्।

# आज आजपाको बन्द आह्वान

**टुडे समाचारदाता**

जनकपुरधाम। राष्ट्रिय सभासदस्यको मतदान हुने दिन बिहीबार प्रभू साह नेतृत्वको आम जनता पार्टी(आजपा)ले बन्द आह्वान गरेको छ।

सरकारी सवारी साधनलाई तोडफोड गर्ने धम्कीदिदै मतदानलाई प्रभावित गर्न आजपाले बन्द आह्वान गरेको बताइन्छ। दुई वर्ष पूर्व राष्ट्रिय सभाको जनकपुरधाममा भएको मतदानलाई अवरुद्ध गर्न जनमत पार्टीले पनि किसान आन्दोलनको नामबाट जनकपुरधाममा प्रदर्शन र बन्द आह्वान गरेको थियो। सो क्रममा केही सरकारी सवारी साधनहरुमा तोडफोड गरिएको थियो।

आजपाले बैंकको ब्याज दरलाई घटाउनु पर्ने मागगर्दै बन्दको आह्वान गरेको छ।

आजपाले पनि मतदानलाई लक्षितगर्दै बन्द आह्वान गरेकाले नगर क्षेत्रमा सुरक्षा व्यवस्थालाई अत्यन्त कडा बनाइएको छ। आजपाको आईटी सेनाले बुधवार सरसफाईमा लागेको थियो।






# बहुमत नपुगेपछि गठबन्धन गरिएको देउवाको भनाई



टुडे समाचारदाता

वालिङ । नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले वर्तमान संविधानअनुसार एउटै पार्टीको मात्रै बहुमत पुग्ने अवस्था नरहेकाले अन्य दलसँग गठबन्धन गर्नुपरेको बताएका छन् ।

कांग्रेस स्याङ्जाको प्रथम जिल्ला सम्मेलनलाई बुधबार सदरमुकाम पुतलीबजारमा सम्बोधन गर्दै उनले हालको संविधानअनुसार कुनै पनि पार्टीको बहुमत नआउने भएकाले गठबन्धन गर्नु रहर नभई बाध्यता रहेको बताएका हुन् ।

"संविधानमा समानुपातिक समावेशी प्रणालीको व्यवस्था गरिएकाले पनि एउटा मात्रै पार्टीले बहुमत ल्याउन सक्ने अवस्था देखिँदैन", उनले भने, "बहुमत पुऱ्याउनका लागि कुनै न कुनै पार्टीसँग गठबन्धन गर्नुपर्ने बाध्यता छ।"

कांग्रेसले अहिले नेकपा माओवादी केन्द्रलगायत अन्य पार्टीसँग गठबन्धन गरेको उनले बताए । अहिले अन्य पार्टीसँग गठबन्धन गरिएपनि कुनै समस्या नभएको उनको भनाइ थियो ।

कांग्रेसको इतिहासमा स्याङ्जा क्रान्तिकारी ठाउँ भएको स्मरण गर्दै उनले पार्टीलाई अझै बलियो बनाउन नेता कार्यकर्तालाई निर्देशन दिए । "पार्टीको इतिहासलाई सम्झेर अझै बलियो बनाउने गरी अगाडि बढ्नुहोस्", उनले भने, "कांग्रेसले बहुमत ल्याउने गरी लाग्नुहोस् ।"

नेपालमा बहुदलीय व्यवस्था आएपछि मात्रै विकासमा परिवर्तन देखिन थालेका उनको भनाइ थियो । जनताले चाहे जस्तो नभएको होला तर देशमा परिवर्तन भएको सभापति देउवाले बताए । कांग्रेसका उपसभापति एवं कानुन न्याय तथा संसदीय मामिलामन्त्री धनराज गुरुङले पार्टीलाई एकताबद्ध बनाएर अगाडि बढ्नुको विकल्प नभएको बताए ।

"कांग्रेस सिद्धियो, सिद्धियो भन्छन् म त जस्ताको तस्तै देख्छु", उनले भने, "हामी एकबद्ध भएर अगाडि बढौँ, थोरै बोलौँ, जुन हाम्रो सभापतिबाट सिकौँ ।" "पार्टी सभापति देउवा थोरै बोलेर पनि काम धेरै गर्नुहुन्छ, उहाँबाट सिक्नुपर्छ", उनले भने ।

पूर्वमहामन्त्री शशाङ्क कोइराला, सहमहामन्त्री जीवन परियार, कांग्रेस केन्द्रीय सदस्य एवं गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डे, कांग्रेस केन्द्रीय सदस्य गोविन्द भट्टराई, प्रदीप पौडेल, सरस्वती अर्याल तिवारी, गण्डकी प्रदेश सभापति शुक्रराज शर्मा, कांग्रेस स्याङ्जाका सभापति राजु थापालगायतले मन्तव्य राखेका थिए ।कार्यक्रममा प्रजातन्त्रका सेनानीहरुलाई सम्मानपत्र र दोसल्लासहित सम्मान गरिएको थियो ।

# यात्रा 'एड्भाइजरी' र नयाँ कार्यविधि जारी

काठमाण्डु । गृह मन्त्रालयअन्तर्गतको अध्यागमन विभागले भ्रमण भिसामा विदेश जाने नेपाली ठगीमा पर्न थालेपछि भिजिट तथा पर्यटक भिसामा विदेश जाने नेपाली नागरिकका लागि १३ बुँदे नयाँ यात्रा परामर्श (ट्राभल एड्भाइजरी) र छबुँदे कार्यविधि जारी गरेको छ।

अध्यामगन विभागबाट बुधबारदेखि लागू हुने गरी उक्त यात्रा परामर्श र कार्यविधि जारी गरिएको विभागका निर्देशक एवं सूचना अधिकारी प्रेमप्रसाद दाहालले जानकारी दिए । उनले उक्त परामर्श र कार्यविधि बुधबारैदेखि लागू भएको पनि जानकारी दिए।

'भिजिट' र पर्यटक भिसामा विदेश गएर कामको खोजी गर्नु गैरकानुनी कार्य भएको जानकारी दिँदै यात्रा एड्भाइजरीमा यस्तो भिसा लिएर विदेशमा गई कामको खोजी गर्दा सम्बन्धित देशको कानुनअनुसार कारबाहीमा परिने र विभिन्न प्रकारका समस्या भोग्नुपर्ने भएकाले सचेत हुन आग्रह गरिएको छ।




भिजिट वा पर्यटक भिसामा यात्रा गर्ने यात्रीले नक्कली कागजात पेस गर्ने, झुटा विवरण तयार गर्ने, भिसाको उद्देश्य विपरीत एक देशको गन्तव्य भनी अन्यत्र देशको भ्रमण गर्ने, द्वन्द्वग्रस्त मुलुकसम्म पुगी अलपत्र पर्ने, विदेशी सशस्त्र तथा सैनिक सेवामा प्रवेश गर्नेजस्ता गतिविधिबाट सिर्जित अवस्थाको सम्बन्धमा व्यक्ति स्वयं नै जिम्मेवार हुने जनाइएको छ।

यसैगरी, श्रम गन्तव्य मुलुक कुवेत, ओमन, संयुक्त अरब इमिरेट्स र बहराइनजस्ता देशमा विचौलियाको प्रभावमा महिलालाई भिजिट वा पर्यटक भिसामा पुगी 'वर्किङ' भिसामा परिणत गराउने र त्यस्तो कार्यबाट महिलालाई विभिन्न प्रलोभनमा पारी बढी रकम असुल गरी ठग्ने, रोजगारदातासँगको मिलेमतोमा असुरक्षित र अमर्यादित श्रम कार्यमा संलग्न गराउन सक्नेतर्फ पनि सचेत गराइएको छ।

तोकिएको भन्दा अन्य गन्तव्य मुलुकमा पठाउने, असङ्गठित र घरेलु प्रकृतिका जोखिमयुक्त कार्यमा संलग्न गराउने, सामाजिक सुरक्षाबाट वञ्चित हुनुपर्नेजस्ता सम्भावना रहेकाले काम गर्ने मनसायले विदेश जाँदा भिजिट वा पर्यटक भिसामा नगई वर्किङ भिसामा नेपाल सरकारबाट श्रम स्वीकृति लिएरमात्र प्रस्थान गर्न विभागले अनुरोध गरेको छ।

विभिन्न मुलुकमा भिजिट वा पर्यटक भिसामा गएका केही नेपाली यात्री उल्लिखित मितिमा फर्कने गरेको नपाइएकाले असमान्य परिस्थितिबाहेक अन्य अवस्थामा तोकिएको मितिभित्र स्वदेश फर्कन पनि अनुरोध गरिएको छ।

अन्यथा यसबाट सृजना हुने अवस्थाका सम्बन्धमा व्यक्ति स्वयं जिम्मेवार हुने हुनाले समयमै स्वदेश फर्कनेछु भनी स्वःघोषणा गरेर मात्र प्रस्थान गर्नुहुन र विदेश प्रस्थान गर्नुअघि सम्बन्धित देशको भाषा, संस्कृति र कानुनसम्बन्धी सामान्य जानकारी राखेरमात्र भ्रमण गर्न पनि आग्रह गरिएको छ।

यात्रा परामर्शमा भनिएको छ, "शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयसँग सूचीकृत भएका विश्वविद्यालयमा भर्ना भएर विदेश जाने र सम्बन्धित विश्वविद्यालयमा नपढी गलत ढङ्गबाट काम गर्दा समस्या आउन सक्ने एवं पछिल्ला दिनमा अध्ययन भिसामा रहेर पनि काम गर्न एवं पैसा कमाउन सकिन्छ भनेर विभिन्न बिचौलियामार्फत विदेशी विश्वविद्यालयहरुमा भर्ना भई काम गर्ने मनसायले भ्रमण गर्दै हुनुहुन्छ भने काम गर्ने र पढ्ने विषय अलग-अलग भएकाले यसमा थप सतर्कता अपनाउनुहोस् ।"

विदेश यात्रामा नेपालको विमानस्थलबाट मात्र यात्रा गर्न, एनओसी लेटर लिएर यात्रा गर्न र महिलाको हकमा भारतका विमानस्थल भएर तेस्रो मुलुक यात्रा गर्दा भने थप सजगता एवं सावधानी अपनाउन पनि अनुरोध गरिएको छ । श्रम स्वीकृति लिएर विदेशमा पठाउने भनी आश्वासनसहित रकम माग गरेमा सो रकम बुझाउनुपूर्व सो इजाजतपत्रवाला संस्थाको आधिकारिकताको कागजात माग गर्न भनिएको छ।

यस्तै शैक्षिक परामर्शदाता, ट्राभल्स एजेन्सी वा कुनै व्यक्तिले वैदेशिक रोजगारमा पठाइदिन्छु भनी आश्वासन दिई रकम मागेमा रकम नबुझाउन आग्रह गरिएको छ । आफू ठगीमा पर्दैछु भन्ने लागेमा सोको जानकारी वैदेशिक रोजगार विभाग वा नजिकको प्रहरी कार्यालय तथा नेपाल प्रहरीको टेलिफोन १०० मा जानकारी दिन पनि अनुरोध गरिएको छ।

वैदेशिक रोजगारीमा पठाउने इजाजत प्राप्त संस्थालाई नेपाल सरकारले तोकेको न्यूनतम रकम मात्र बुझाई सोको रसिद लिन आग्रह गर्दै विभागले एजेन्टको व्यवस्था नभएकाले झुटा आश्वासन दिएमा विश्वास नगर्न पनि भनिएको छ।

मित्रराष्ट्र भारत तथा बेलायती सेनामा नेपाल सरकारको स्वीकृतिमा भर्ना हुनेबाहेक अन्य देशका सेना वा सशस्त्र समूहमा भर्ना हुने कार्य पूर्ण रुपमा गैरकानुनी र राष्ट्रहित विपरीत भएको यात्रा परामर्शमा जानकारी गराइएको छ। यस्तो कार्य गर्ने व्यक्तिलाई उद्धार गर्नसमेत कठिन हुने भएकाले कुनै पनि अवस्थामा यस्तो कार्य नगर्न पनि अनुरोध गरिएको छ।

# लेटर ग्रेडिङ निर्देशिका कार्यान्वयनमा




टुडे समाचारदाता

भक्तपुर । राष्ट्रिय परीक्षा बोर्डले लेटर ग्रेडिङ निर्देशिका २०७८ अनुसार यस वर्षको माध्यमिक शिक्षा परीक्षा ९एसइई० सञ्चालन एवं नतिजा सार्वजनिक गर्ने भएको छ। बोर्डले यस वर्ष अगामी चैत १५ देखि २७ गतेसम्म एसइई सञ्चालन गर्दैछ। बोर्डका अध्यक्ष डा महाश्रम शर्माले बोर्डले चैत १५ देखि २७ गतेसम्म नियमित तथा ग्रेडवृद्धि परीक्षाको तालिका सार्वजनिक गरेको जानकारी दिँदै कक्षा १० का विद्यार्थीले यसपालि नयाँ पाठ्यक्रमअनुसार परीक्षा दिने र नतिजा लेटर ग्रेडिङ निर्देशिका २०७८ अनुसार सार्वजनिक हुने बताए । उनले यस वर्ष परीक्षामा सहभागी हुने विद्यार्थीले प्रत्येक विषयमा सैद्धान्तिकमा ३५ प्रतिशत अर्थात् १०० पूर्णाङ्क रहेका विषयमा ३५ अङ्क ल्याउनैपर्ने व्यवस्था गरेको जानकारी दिए।

उनका अनुसार अब उच्च शिक्षा अध्ययन गर्नका लागि विद्यार्थीले एसइईमा ३५ प्रतिशत अङ्क ल्याउनैपर्ने व्यवस्था गरेको जनाउँदै ३५ प्रतिशतभन्दा कम ल्याए ननग्रेडेड आउने र विद्यार्थी फेल हुनेछन् । निर्देशिका अनुसार विद्यार्थीले सैद्धान्तिकतर्फ ३५ भन्दा कम अङ्क ल्याएमा उसको नतिजामा अवर्गीकृत ९ननग्रेडेड० लेखिने र मूल प्रमाणपत्र नदिने व्यवस्था लेटर ग्रेडिङ निर्देशिकाले गरेको छ। यस्तो अवस्थामा तीन पटकसम्म दुई विषयको मौका परीक्षा दिन पाउने व्यवस्था गरेको छ।

यस वर्षको एसइईमा नियमित र ग्रेडवृद्धितर्फ चार लाख ८९ हजार परीक्षार्थी परीक्षमा सहभागी हुने एसइई परीक्षा नियन्त्रण कार्यालयका परीक्षा नियन्त्रक नन्दलाल पौडेलले जानकारी दिए। बोर्डले कक्षा ११ र १२ मा यसअघि नै ग्रेडिङ प्रणाली लागू गरिसकेको छ। परीक्षाको तयारी बोर्डले तीव्ररूपमा गरेको छ। परीक्षाका लागि आवश्यक पर्ने उत्तरपुस्तिका छपाई, प्रश्नपत्र छपाइदेखि अन्य सामग्रीको तयारी, परीक्षा केन्द्र निर्धारणको तयारी सुरु गरेको बोर्डले जनाएको छ।

# कलेजोको टुक्रा दिएर आमाले बचाइन तीन वर्षीय छोरा

भक्तपुर । आमाका लागि उसका सन्तान कलेजोको टुक्रा सरह हुन्छन भन्ने पुस्तौंदेखिको भनाइलाई वीरगञ्ज पर्साकी ३० वर्षीया सीता भट्टले प्रमाणित गरेका छन् । कलेजोमा भएको क्यान्सरले जीवनसँग सङ्घर्ष गरिरहेका तीन वर्षीय छोरा रिसव भट्टलाई आमा सीताले कलेजोको टुक्रा दिएर नयाँ जीवन दिएकी छन् ।

शहीद धर्मभक्त राष्ट्रिय प्रत्यारोपण केन्द्र, भक्तपुरमा उपचाररत रिसवलाई आमा सीताको ४० प्रतिशत कलेजोको सफल प्रत्यारोपण गरिएको अस्पतालका वरिष्ठ मिर्गौला तथा कलेजो प्रत्यारोपण शल्य चिकित्सक एवं शहीद धर्मभक्त राष्ट्रिय प्रत्यारोपण केन्द्रका कार्यकारी निर्देशक डा पुकारचन्द्र श्रेष्ठले बताए।

उनको नेतृत्वमा चिकित्सकसहितको ५० जनाको टोलीले निरन्तर १४ घण्टाको शल्यक्रियापछि कलेजोको सफल प्रत्यारोपण गरेको हो।

कलेजो झिकेको छ दिनमा आमा र नौ दिनपछि छोरालाई 'डिस्चार्ज' गरिएको केन्द्रका कार्यकारी निर्देशक डा श्रेष्ठले जानकारी दिए।

हाल बालक र आमा दुवैको स्वास्थ्य अवस्था सामान्य रहेको डा श्रेष्ठको भनाइ छ। "यति सानो बालकको शरीरमा कलेजो प्रत्यारोपण भएको केन्द्रमा यो नै पहिलो पटक हो । चिकित्सा विज्ञानमा कलेजको प्रत्यारोपण सबैभन्दा जटिल प्रत्यारोपणका रुपमा मानिन्छ", उनले भने ।

बालकमा कलेजो प्रत्यारोपणका लागि केन्द्रमा कार्यरत सम्पूर्ण चिकित्सक, नर्सिङ तथा अन्य प्राविधिक जनशक्ति, पाटन अस्पतालका बालरोग विशेषज्ञ डा पूजा अमात्यलगायतको नर्सिङ टोली, कान्ति बाल अस्पतालका वरिष्ठ बाल रोग



विशेषज्ञ डा सुमित अग्रवाल र डा वर्षा बर्मा तथा भारतीय चिकित्सकको सहायता लिइएको उहाँले बताए।

दाताको काटिएको कलेजो तीन महिनामै ९० प्रतिशतसम्म वृद्धि हुने र दातामा कुनै समस्या नआउने डा श्रेष्ठको भनाइ छ। रिसब बुबा रूपक र आमा सीता भट्टका एक्ला छोरा हुन् ।

रिसवलाई सुरुमा बान्ता हुने, वाकवाकी लाग्ने, खाना अपच हुने जस्ता समस्या देखिएपछि भरतपुर क्यान्सर अस्पतालमा लगिएको थियो । त्यहाँ जाँच गर्दा उनको कलेजोमा क्यान्सर पहिचान भएपछि कीमोथेरापी दिइएको थियो ।

आमा सीताका अनुसार क्यान्सर रोगको पहिचान भएपछि बालकलाई उपचारका लागि भारतका दिल्लीमा लगिएको थियो । तर भारतमा उपचार गर्दा धेरै खर्च भएपछि आफन्त र एक चिकित्सकमार्फत भक्तपुरको प्रत्यारोपण केन्द्रमा ल्याएर बालकमा कलेजो प्रत्यारोपण गरिएको हो ।

सीताले भने, "क्यान्सर रोग पहिचान भएपछि उपचार गरी पूर्ण निको हुन्छ भन्ने लागेको थिएन, तर यो अस्पतालमा आएपछि मैले कलेजो काटेर दिएँ र छोराले नयाँ जीवन पाउन सक्यो ।"

केन्द्रका वरिष्ठ प्रशासन सहायक विश्वनाथ पौड्यालले एउटा कलेजो प्रत्यारोपणका लागि रु १५ देखि २० लाखसम्मसम्म खर्च हुने बताए । तर तीन वर्षे बालकको हकमा भने रु १५ लाख मात्रै अस्पतालले लिएको उनको भनाइ छ। केन्द्रले पहिलो पटक सन् २०१६ डिसेम्बरमा कलेजो प्रत्यारोपण गरेको थियो ।

केन्द्रले सुरुको केही वर्ष वार्षिक एक/दुई वटामा मात्रै कलेजो प्रत्यारोपण गर्दै आएकोमा यसवर्ष १० जनाको सफल कलेजो प्रत्यारोपण गरिसकेको केन्द्रका कार्यकारी निर्देशक डा श्रेष्ठले जानकारी दिए। केन्द्र स्थापनाको ११ वर्षमा कूल एक हजार एक सय ८८ जनामा मिर्गौला र १८ जनामा कलेजो प्रत्यारोपण भइसकेको उनी बताउछन् ।

केन्द्रले आव २०६९/७० मा १३ जनाको मिर्गौला प्रत्यारोपण, आव २०७०/७१ मा २७ जना, आव २०७१/७२ सालमा ४१ जना, आव २०७/७३ सालमा एक सय एक जनाको मिर्गौला प्रत्यारोपण भएको थियो । साथै आव २०७३/७४ मा एक सय ३२ जना, आव २०७४/७५ मा एक सय ५३ जना, आव २०७५/७६ मा एक सय ७९ जना, आव २०७६/७७ मा ४९ जना, आव २०७७/७८ मा ४५ जना, आव २०७८/७९ मा एक सय ६० जना, आव २०७९/८० मा एक सय ८६ जना र आव २०८०/८१ मा एक सय एक जनामा मिर्गौला प्रत्यारोपण गरेको केन्द्रका कार्यकारी निर्देशक डा श्रेष्ठले जानकारी दिए।

आर्थिक वर्ष २०७३/७४ बाट कलेजो प्रत्यारोपण सुरु गरेको केन्द्रले सोही वर्ष दुई जनामा कलेजो प्रत्यारोपण गरेको थियो भने आव २०७४/७५ देखि आव २०७७/७८ मा चार वर्षमा एक/एक जनाले मात्रै कलेजो प्रत्यारोपण गरेका थिए। डा श्रेष्ठका अनुसार आव २०७८/७९ मा तीन जनाको, आव २०७९/८० मा दुई जनाको र चालु आवमा सात जनामा कलेजो प्रत्यारोपण भइसकेको छ।

## तपाईंको आज

पण्डित : ब्रम जी

| | |
|---|---|
| मेष | : बौद्धिक क्षमता । |
| बृष | : प्रतिभा सम्पन्नता । |
| मिथून | : शिक्षामा उन्नति । |
| कर्कट | : पारिवाहिक सुख । |
| सिंह | : धन वृद्धि सञ्चय । |
| कन्या | : प्रेम प्रसंग, मित्र सुख । |
| तुला | : सुख समृद्धि हुने । |
| वृश्चिक | : भ्रमण अवसर हुने । |
| धनु | : अवसर प्राप्त । |
| मकर | : वाद विवादबाट बच्नु । |
| कुम्भ | : पुरस्कार प्राप्त लाभ । |
| मीन | : नयाँ कार्य हुने । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



सुनसरीको इनरुवामा बुधबार घोडालाई बोकाएर जाँतो-सिलौटो बिक्री गर्न हिँडेका व्यापारी । सिलौटो रु ८०० र जाँतो रु एक हजार ६०० मा बिक्री हुने व्यापारी बताउँछन् । *तस्बिर :रासस*

# सप्तरी घटनाको छानबिन गर्न एमालेको माग

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेश सरकारबाट जनमत पार्टी बाहिरिएपछि नेकपा एमालेले सप्तरी घटनाको छानबिन गर्न माग गरेको छ ।

एमाले मधेश प्रदेशका अध्यक्ष चन्देश्वर मण्डलले सप्तरीको राजविरास्थित मधेश कृषि विश्वविद्यालय प्रशासनिक भवको शिलान्यासको क्रममा भएको घटनाप्रति गम्भीर ध्यानाकर्षण भएको जनाउँदै घटनाको सत्य तथ्यको माग गरेका छन् ।

बुधबार प्रदेश अध्यक्ष मण्डलद्वारा हस्ताक्षरित प्रेस विज्ञप्ति जारी गर्दै शिक्षा तथा संस्कृति मन्त्री नै मधेश कृषि विश्वविद्यालयका सहकुलपति रहेकाले मन्त्रीले दिएको लिखित निर्देशन विश्वविद्यालयले नमान्नु गलत भएको जनाएको छ ।

प्रदेश अध्यक्ष मण्डलले जारी गरेको विज्ञप्तिमा, 'सप्तरीको राजविराजस्थित मधेश कृषि विश्वविद्यालय भवनको शिलान्यास क्रममा सोमबार भएको घटनाप्रति नेकपा ( एमाले ) मधेश कमिटीको गम्भीर ध्यान आकर्षित भएको जनाएको छ । कृषि विश्वविद्यालय मधेश प्रदेश सरकारको मातहतमा हुने, त्यसको कुलपति मुख्यमन्त्री र सहकुलपति शिक्षा तथा संस्कृति मन्त्री हुने व्यवस्था रहेको छ, मन्त्रिपरिषद्का सदस्यहरु के र गठबन्धन दलहरुकै सहमति लिन नसक्नु, सहकुलपति रहेका शिक्षा मन्त्रीले कार्यक्रम रोक्न लिखित निर्देशन गर्नु, मुख्यमन्त्रीकै उपस्थितिमा सहकुलपतिको विरोधका बावजुद संघीय सांसदबाट विश्वविद्यालयको शिलान्यास गराउनु लोकतान्त्रिक पद्दतिको उल्लंघन भएको बताएका छन् ।

त्यस्तै सर्लाहीको बरहथवामा भएको एकजनाको निधनले सरकारको रवैया देख्दा लोकतन्त्रको उपाहास भएको टिप्पणी उनले टिप्पणी गरेका छन् ।

# कम्बल वितरण गर्दै मधेश सरकार



**टुडे समाचारदाता**

जनकपुरधाम । बढ्दै गएको चिसोको कारण जनजीवन प्रभावित भएको वेलामा मधेश प्रदेश सरकारले गरिव विपन्नहरुलाई कम्बल वितरण कार्य सुरु गरेको छ ।

मधेश प्रदेश सरकारको गृह सञ्चार तथा कानुन मन्त्रालयले प्रदेशका ८ वटै जिल्लाका जिल्ला प्रशासन कार्यालय अन्तर्गत रहेका जिल्ला विपद् व्यवस्थापन समिति मार्फत कम्बल वितरण कार्य सुरु गरेको छ ।

प्रदेश सरकारमा प्रवक्ता तथा गृह सञ्चार तथा कानुन मन्त्री मोहम्मद समीमले धनुषाको मिथिला नगरपालिकाको जमुनिवास, बेङ्गाडार, महरा टोल, सादा टोल,बडहरी, लालगढ लगायतका स्थानीय गरिव विपन्नहरु कम्बल प्रदान गरी कम्बल वित्तरण कार्यक्रमको सुरुवात गरेका छन् ।

जाडो याममा हुन सक्ने विपद् व्यवस्थापनलाई मध्यनजर गरी पहिलो चरणमा प्रदेश सरकारले २० हजार कम्बल वितरण गर्न लागिएको मन्त्री समीमले बताए । मधेश प्रदेशका जिल्लाहरुमा हुस्सु र दिउँसो चल्ने हावाले अत्यधिक चिसो बढेकोले गरिव विपन्न, असहायहरुको लागि कम्बल वितरण सुरु गरिएको उनले बताए ।

प्रदेशका सबै जिल्लाका विपद् व्यवस्थापन समितिलाई २ हजार थानको दरले कम्बल पठाई सकेको जानकारी दिँदै मन्त्री समीमले आवश्कता अनुसार गरिब विपन्नहरुमा कम्बल वितरण गर्न ती निकायहरुलाई निर्देशन दिइएको बताए । कम्वल नेपाली सेनाबाट जिटुजी प्रक्रिया मार्फत खरिद गरिएको उनले बताए ।

गत पुसमा बसेको प्रदेश विपद् व्यवस्थापन समितिको वैठकले गरिव, विपन्न तथा असहायलाई कम्बल वितरण गर्ने निर्णय गरेको थियो ।

चिसोमा लाग्ने हुस्सुको कारण हाईवेहरुमा सवारी दुर्घटना बढ्ने भएकोले सवारी साधनको निगरानी गर्न सुरक्षा निकायलाई निर्देशन समेत दिएको उनले बताए ।

# हाई एलर्टमा बस्न आईटी आर्मीलाई निर्देशन

**टुडे समाचारदाता**

जनकपुरधाम । आम जनता पार्टीका केन्द्रीय अध्यक्ष प्रभू साहले आईटी आर्मी साईबर सेनालाई हाईअलर्टमा बस्न निर्देशन दिएका छन् ।

जनकपुरधाममा बुधबार आईटी आर्मी नेपाल धनुषाको सपथ ग्रहण तथा विशेष कार्यक्रममा बोल्दै पूर्वमन्त्रीसमेत रहेका अध्यक्ष साहले राष्ट्रियसभा सदस्य निर्वाचनलाई लक्षित गरी घोषणा गरेको बन्द कार्यक्रमलाई सफल बनाउनका लागि आईटी आर्मीको अहम भूमिका रहेको बताए ।

बन्दको पूर्वसन्ध्यामा आयोजना गरिएको कार्यक्रममा आईटी आर्मीलाई राष्ट्रियसभा सदस्य निर्वाचनको मतदान स्थल वरिपरी अनुगमन गरी सो निर्वाचनमा सहभागी हुन आउने प्रदेश सांसद र स्थानीय तहका प्रमुख एवं उपप्रमुखसहित सरकारी सवारीसाधनलाई तोडफोड गर्ने योजना रहेको उनले बताए ।

उनले आईटी आर्मी साईबर सेनाको स्वरुप रहेकाले निजी सवारी साधनमा तोडफोड नहुने गरी सम्बन्धित मतदाता तथा नेतालाई लक्षित हुने गरी सरकारी सवारीसधानमाथि धावा बोलेर बन्दलाई सफल बनाउन निर्देशन दिए ।

आईटी आर्मी नेपालका सेनाहरुले सर्लाहीको सदरमुकामसहित ढल्केवर, पिडारी चोक, रामानन्द चोक लक्षित गरी सरकारी सवारीसाधन तोडफोड गर्नका लागि अध्यक्ष साहले निर्देशन दिए ।

योजनावद्धरुपमा राष्ट्रियसभा सदस्य निर्वाचनको मतदानलाई लक्षित गरी गरिएको बन्दको क्रममा सरकारी गाडीलाई जनकपुरधाममा छिर्न नदिनका लागि हरेक युक्ति अपनाउनलाई समेत उनले आफ्ना कार्यकर्तालाई निर्देशन दिए ।




उनले बैंकर्सले ऋणका नाममा चर्को ब्याज असुल्ने गरेको, बैंक तथा वित्तीय संघसंस्था एवं सहकारी संस्थाले आमजनताको ढाड सेक्ने गरी जथाभावी कामकारवाही गरे पनि कुनै पनि किसिमको समस्या समाधान गर्न आतुर नरहेकाले राष्ट्रियसभा सदस्य निर्वाचनलाई लक्षित गरेर बन्दको घोषणा गरेको स्पष्ट पारे । उनले आमजनता मिटरब्याजी र विकास निर्माणको नाममा सरकारले मनोमानी गरेकाले बाध्य भएर बन्दको घोषणा गरिएको कार्यकर्तालाई सुनाए ।

सो कार्यक्रममा आइटी आर्मी नेपालका केन्द्रीय अध्यक्ष चन्द्रभूषण साह, आजपा मधेश प्रदेशका अध्यक्ष सुधीर यादव, आजपा नेपाल धनुषाका सह इन्चार्ज श्रीचन्द्र मुखिया, आजपाका महोत्तरी अध्यक्ष विजय साहलगायतकाहरुको समेत सहभागिता रहेको थियो ।

सो कार्यक्रममा आईटी आर्मी नेपाल धनुषाका अध्यक्ष प्रेम साहको नेतृत्वमा १ सय ५१ जिल्ला सदस्यीयसहितका पदाधिकारीलाई अध्यक्ष साहले सपथ ग्रहण गराएका थिए ।

त्यस्तै आजपा धनुषाले जानकी मन्दिरमा सरसफाई कार्यक्रमसमेत गरेको थियो ।

# विवाद छानबिन गर्न समिति गठन

**टुडे समाचारदाता**

काठमाण्डु । सरकारले गैरआवासीय नेपाली सङ्घ (एनआरएनए) अन्तर्राष्ट्रिय समन्वयपरिषद्को निर्वाचनलगायत विषयमा छानबिन गर्न सहमहान्यायधिवक्ता ध्रुवकुमार चौहानको नेतृत्वमा समिति गठन गरेको छ ।

मन्त्रिपरिषदकोमङ्गलबारकोबैठकले परराष्ट्र मन्त्रालयका सहसचिव, प्रहरी वरिष्ठ उपरीक्षक र उपसचिव (लेखा) सदस्य रहेको छानबिन समिति गठन गरेको सरकारका प्रवक्ता एवं सञ्चार तथा सूचना प्रविधि मन्त्री रेखा शर्माले जानकारी दिईन् । समितिले एनआरएनएको निर्वाचनलगायत विषयमा परराष्ट्र मन्त्रालयमा प्राप्त उजुरी र विवादका सम्बन्धमा छानबिन गर्नेछ ।

बैठकले धितोपत्र बजार सञ्चालनगर्नेसङ्गठितसंस्थासम्बन्धी अध्ययन गर्न नेपाल राष्ट्र बैंकका पूर्वडेपुटी गभर्नर चिन्तामणि सिवाकोटीको संयोजकत्वमा तीन सदस्यीय अध्ययन समितिसमेत गठन गरेको छ । सरकारले यही पुस मसान्तसम्म सङ्कलन भएको राजस्व अनुपातको आधारमा तेस्रो किस्ता र आगामी चैत मसान्तसम्म सङ्कलन हुने राजस्व अनुपातका आधारमा अन्तिम किस्ता वित्तीय समानीकरण अनुदान प्रदेश र स्थानीय तहमा हस्तान्तरण गर्ने निर्णय गरेको मन्त्री शर्माले जानकारी दिईन् ।



बैठकले जापान सरकारबाट कोटेश्वर इन्टरसेक्सन प्रोजेक्टका लागि प्रस्तावित ३४ अर्ब ४९ करोड जापानी येन (करिब रु ३१ अर्ब दुई करोड नेपाली) बराबरको सहुलियत ऋण सहायतासम्बन्धी मस्यौदा सम्झौतालाई अन्तिम रुप दिन जापान सरकारसँग वार्ता गर्न टोली गठन गरेको छ । राष्ट्रिय एन्टिडोपिङ एजेन्सीको संयोजकमा छत्रकोट गाउँपालिका-१ गुल्मीका डा असीम भण्डारीलाई नियुक्त गरिएको छ ।

सरकारले भोटेकोशी-१ जलविद्युत् आयोजना विकास निर्माणका लागि भोटेकोशी गाउँपालिका वडा नं १,३,४ र ५ को ४ दशमलव २५ हेक्टर, मनाङ मर्स्याङ्दी जलविद्युत् आयोजनाका लागि मनाङको चामे गाउँपालिका १, २, ३ र ५ तथा नासो गाउँपालिकाका वडा नं ८ र ९ मा रहेको राष्ट्रिय वनको ३३ दशमलव ४७ हेक्टर र लिपिङ खोला जलविद्युत् आयोजनाको प्रसारण लाइन निर्माणका लागि भोटेकोशी गाउँपालिका वडा नं २,३,४ र ५ मा रहेको १४ दशमलव ८८१ हेक्टर जमिन २५ वर्षसम्म प्रयोग गर्न दिने र उक्त जग्गामा रहेको दुई हजार तीन सय २२ रुख/पोल हटाउन स्वीकृति दिएको छ । मन्त्रिपरिषद्ले रातो मछिन्द्रनाथ, सेतो मछिन्द्रनाथ, भैरवनाथ (बिस्केट) यात्राको धार्मिक कार्य (रथ मर्मत सम्भार) का लागि एक हजार सात सय ८० घनफिट काठ गुठी संस्थानलाई उपलब्ध गराई उक्त वन पैदावरको सलामी दस्तुर (रोयल्टी) मिनाहा गरेको मन्त्री शर्माले जानकारी दिए ।

धनगढी उपमहानगरपालिका-७ स्थित पटेला राष्ट्रिय वन क्षेत्रमा निर्माण हुने एकीकृत फोहरमैला व्यवस्थापन केन्द्र तथा ढल प्रशोधन प्रणालीका लागि २२ हेक्टर वन क्षेत्र प्रयोग गर्न बैठकले स्वीकृति दिएको छ । बैठकले पेरिस सम्झौताको दफा ६ अन्तर्गत हुने कार्बन व्यापारको लागि निर्धारित राष्ट्रिय निकायका रुपमा कार्य गर्न वन तथा वातावरण मन्त्रालयलाई स्वीकृति दिएको छ ।

सरकारले अष्ट्रेलियाको न्यू साउथ वेल्स राज्यका लागि नेपाली अवैतनिक महावाणिज्यदूत दीपकुमार खड्काले १० अक्टोबर २०२३ देखि लागू हुने गरी पेस गरेको राजीनामा स्वीकृत, नेपाल र कतारबीच प्रस्तावित कूटनीतिक तालिम र शिक्षासम्बन्धी समझदारीपत्र स्वीकृत गर्ने र उक्त समझदारीपत्रमा हस्ताक्षर गर्न परराष्ट्र मन्त्रालयललाई अख्तियारी दिएको मन्त्री शर्माले जानकारी दिईन् ।

## भूकम्पपीडितका लागि २८ करोड ७१ लाख सङ्कलन

**टुडे समाचारदाता**

काठमाण्डु । जाजरकोट केन्द्रबिन्दु भई गत कात्तिक १७ गते गएको भूकम्पबाट प्रभावितको सहयोगका लागि प्रधानमन्त्री दैवीप्रकोप सहायताका कोषमा हालसम्म रू २८ करोड ७१ लाख ४१ हजार छ सय ६५ बराबर सङ्कलन भएको छ । प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले उपलब्ध गराएको विवरणअनुसार सोमबारसम्ममा विभिन्न सङ्घसंस्था तथा व्यक्तिका तर्फबाट सो बराबरको सहयोग रकम जुटेको हो ।

भूकम्पपछिको उद्धार, राहत वितरण तथा पुनःस्थापनाका लागि विभिन्न व्यक्ति तथा संस्थाबाट सहयोगको घोषणा भएको थियो । उक्त सहयोगलाई एकद्वार प्रणालीबाट सङ्कलन तथा वितरणका लागि प्रधानमन्त्री दैवीप्रकोप सहायता कोषमार्फत् सहयोग गर्न सरकारले आग्रह गरेको थियो । राहत वितरण तथा पुनःस्थापनाका लागि प्रधानमन्त्री दैवीप्रकोप सहायता कोषमा सहयोग रकम जम्मा गर्न विभिन्न नौवटा बैंकमा खाता रहेका छन् ।

भूकम्पपीडितलाई राहत तथा पुनःस्थापनाका लागि केही समयअघि मात्र सरकारले रू दुई अर्ब बराबर निकासा गर्ने निर्णय गरेको थियो । गत पुस २४ गतेको मन्त्रिपरिषद् बैठकले उक्त कोषमा मौज्दात रहेको रकममध्येबाट विपद् व्यवस्थापन कोषलाई रू दुई अर्ब उपलब्ध गराउने निर्णय गरेको प्रधानमन्त्री तथा मन्पित्रिषद्को कार्यालयका प्रवक्ता नारायणप्रसाद भट्टले जानकारी दिए ।

रुपनी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रुपनी, सप्तरी
मधेश प्रदेश, महोत्तरी


एम्बुलेन्स खरिद सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति : २०८०/१०/०९

यस गाउँपालिकाको चालु आ.व. २०८०/८१ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार यस कार्यालय अन्तर्गत रहेको रायपुर स्वास्थ्य चौकीको लागि आवश्यक १ (एक) थान एम्बुलेन्स खरिद गर्नु पर्ने भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा ८ को उपदफा १ (क) ८ तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ (ख) बमोजिम त्यस्तो सवारी साधन उत्पादन गर्ने कम्पनी वा सोको अधिकृत/आधिकारिक बिक्रेताहरुको बिचमा मात्र प्रतिस्पर्धा गराउने क्याटलक सपिङ्ग (Catalogue Shopping) विधीबाट भन्सार छुटमा खरिद गर्नु पर्ने भएकोले इच्छुक इजाजत प्राप्त उत्पादन कम्पनी वा निजको आधिकारिक बिक्रेताले फर्म दर्ता, भ्याट दर्ता, व्यवसाय दर्ता प्रमाणपत्र, Letter of Authorization र आर्थिक वर्ष २०७९/८० को आयकर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपीहरु समावेश गरी सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ (ख) २ अनुसार देहाय बमोजिमको सावरी साधनको उत्पादनको आधिकारिक स्पेशिफिकेशन, मूल्य र सुविधा सहितको गुणस्तर विवरण (क्याटलक वा ब्रोसर) संलग्न राखी सूचना प्रकाशन भएको मितिले ७ (सात) दिन भित्र यस कार्यालया प्रस्ताव दर्ता गर्न हुन सम्बन्धित उत्पादक (Manufacturer) वा आधिकारिक बिक्रेता (Importer) हरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। Technical Specification यस कार्यालयको Website: www. rupanimum.gov.np मा हेर्न सकिने छ ।

| क्र. सं. | सवारीसाधनको प्रकार | संक्षिप्त विवरण | आवश्यक संख्या | धरौटी रकम |
|---|---|---|---|---|
| १ | 4WD Ambulance | Hard Top Ambulance, 4WD maximum rated power output not less than 110 NM, The Ambulance msut contain all basic life support Equipment/Type B as Prescribed by Ambulance service guideline 2078. (Health Ministry of Nepal) | १ (एक) थान | ६०,०००।- |

प्रमुख प्रशासकीय अधिकृत



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# पदीय मर्यादा कायम राख

मधेश प्रदेश सभाका सचिव मनोज कुमार गिरी र लेखापाललाई प्रदेश सभाका सभामुख रामचन्द्र मण्डलकै निर्देशनमा हातपात गरिएको समाचार बाहिरिएको छ । सभामुख मण्डलका सहयोगीहरुले प्रदेश सभाका सचिव र लेखापाललाई हातपात गर्नु अत्यन्त निन्दनीय हो । मधेश प्रदेश सभाका सभामुख मण्डलको क्रियाकलापले सिंगो प्रदेश बदनाम भएको छ। प्रदेश सभाका सभामुखको भूमिका समन्वयकारी हुनुपर्छ। अनेक दलका प्रदेश सभा सदस्यलाई प्रदेश सभामा कयौं विषयहरुमा विवाद हुँदा सभामुखले समन्वय गरी त्यसको समाधान निकाल्ने गर्छन् । सभामुख पद राजनीतिक होइन् । मुख्यमन्त्रीको पद राजनीतिक हो । तर सभामुख संवैधानिक र अत्यन्त उच्च मर्यादित पद हो । मण्डल मधेश प्रदेशको दोस्रो सभामुख छन्। उनी दोस्रो पटक प्रदेश सभासदस्यमा निर्वाचित भएका छन् । पहिलो पटक माओवादी केन्द्रबाट प्रदेश सभा सदस्य बनेका मण्डल हाल एमालेबाट सभासद छन् । तर उनको व्यवहार राजनीतिक र मर्यादित हुन सकेको छैन् । कर्मचारीलाई अनुचित दबाब दिएर गैरकानुनी रुपमा रकम भुक्तानी गराउन प्रयास गर्ने र सो विफल भएपछि कर्मचारीलाई हातपात गर्ने सभामुखका लागि सुहाउने विषय होइन् । सभामुख मण्डलको क्रियाकलापले विगतमा पनि प्रदेश सभामा ठूलो विवाद सृजना भएको थियो । बैंकका कर्मचारीलाई खाता खोल्नका लागि प्रवेशमा रोक लगाएपछि उनी विवादित बनेका थिए। प्रदेश सभामा मण्डलले तीन दर्जन बढी आफन्त र कार्यकर्तालाई करारमा नियुक्ति दिएका छन् । गैर कानुनी रुपमा भर्ना गरिएका आफन्तलाई सचिव र लेखापालले तलब, सुबिधा दिन अस्वीकार गरेपछि हातपातमै उत्रनु दूर्भाग्यिपूर्ण हो । मण्डल सभामुख भएकाले उनी चाहे अनुसारको कानुन प्रदेश सभाबाट बनाउन सक्छन् । तर कानुन बनाउन नचाहने र गैरकानुनी रुपमा सेवा, सुबिधा लिन खोज्ने प्रवृत्तिको कारण सभामुख मण्डल फेरि विवादमा तानिएका छन्। भ्रमण भत्ता लगायतका अनेक अनुचित आर्थिक लाभ लिन पल्केका मण्डलले कर्मचारीलाई दुर्व्यवहारगर्दै कुटपिट समेत गर्न थालेका छन्। सचिव र लेखापाललाई कुटपिट गरिएपछि प्रदेशका कर्मचारीहरुले आफूलाई असुरक्षित महसुस गर्न थालेका छन् । ६ वर्ष भन्दा बढी समय प्रदेश सभाको सचिवको रुपमा कार्य गरेका अनुभवी सचिव रञ्जित कुमार यादवले गैरकानुनी रुपमा भुक्तानी गर्न अस्वीकार गरेपछि सभामुख मण्डलले उनलाई हटाएर गिरीलाई ल्याएका थिए। तर फस्ने गरी रकम भुक्तानी गर्न तयार नभएपछि गिरी र लेखापाललाई आफ्नै आवासको छतमा बोलाएर कुटपिट गराएका छन्। प्रदेश सभा सदस्यहरुले यस विरुद्ध आवाज उठाउनु पर्छ। नभए मधेश प्रदेश सभाको गरिमा कम हुनेछ।

## सम्पादकको चिठ्ठी

### धेरै दु:ख लाग्यो

**श्रीमान् सम्पादक ज्यू**
**नमस्कार**

श्रीमान् सम्पादक ज्यू मैले बुधबारको जनकपुर टुडेको पहिलो पेजमा रहेको समाचार पढे । कुनै समयमा म आफै मधेश प्रदेशका सभामुख रामचन्द्र मण्डल सरको अनुयायी थिए। उहाँले देखाएको बाटोमा हिडेर आफूलाई धेरैनै खुशी लाग्थ्यो। तर, देशको अवस्थाले रोजगारीकै शिलशिलामा अहिले कतारमा छु । मास्टर साहवको नामले चौतर्फी चिन्हिने सभामुख मण्डल सभामुख भएपछि त्यहाँको अवस्था र व्यवस्था समेत ठिक हुने आशा लिएको थिए तर, बुधवारको अंकमा उनको क्रियाकलाप सम्वन्धी समाचार पढ्दा धेरै दु:ख लाग्यो।

यस भन्दा पहिला पनि उनी सम्वन्धित समाचार हेरेको थिए तर लाग्या थियो कि कर्मचारी तन्त्रका कारण सभामुखलाई बद् नाम गराउने प्रयास गरिएको छ तर, आज भोली मास्टर साहव पनि लोभी भइ सकेका छन् कि जस्तो लाग्न थालेको छ। मास्टर साहव सभामुख हुँदा साच्चै म कतारमै भए पनि साथिभाइहरुमा खुशियाली बाडेका थिए तर, उनी आफ्ना ज्वाई लगायत आफ्ना कार्यकर्ताको भरणपोषण गर्नकैलागि कर्मचारीलाई दुर्व्यवहार गराउनु दु:खद र निन्दनीय रहेको छ।

सरकारको काम कारवाहीमा समन्वयकारी भूमिका खेल्नुका साटो सभामुख जीको व्यवहारको चौतर्फी आलोचना हुँदा धेरैनै दु:ख लाग्छ। बुधबार सामाजिक सञ्जालमा उनकै बारेमा हेरिएको समाचारबाट दिक्क लागेको थियो। सामाजिक सञ्जालको माध्ययमले उहाँलाई धेरै पटक सुझाव दिने प्रयास गरेपनि उनी सामाजिक सञ्जालबाट टाढा भएको महसुस गरेर आज बाध्य भएर जनकपुर टुडेको माध्ययमले उहाँलाई सुझाव र सल्लाह के दिन चाहन्छु भने हामी नेता रामचन्द्र मण्डल भन्दा बढी मास्टर साहवको छवि हेर्न चाहेका छौं । भ्रष्टाचारको आरोपमा मण्डल पक्राउ शिर्षकको समाचार होइन्। कृप्या ध्यान दिनु होला सभामुख जी। धन्यवाद

**रामपुकार कापडि**
**हँसपुर नगरपालिका**

# गजेन्द्रनारायणका विचार र आजको मधेश

**अनिल महासेठ**

*जब तक शोषित इन्सान रहेगा ,*
*धर्ति पर तुफान रहेगा ,*
*स्वः गजेन्द्र नारायण सिंह*

गजेन्द्र नारायण सिंह को २२ औ पुण्य तिथि को पावन अवसर मा उहा प्रति हार्दिक श्रदा सुमन ब्यक्त गर्दछु।

समाज परिवर्तन को सिलशिलामा संसार भर राजनीतिमा बिभिन्न प्रकारको व्यक्तिहरु आउछन र जान्छन पनि। कुनै एक व्यक्ति को आगमन ले राजनीति रुपी खेल को परिस्थिति र सो को निरन्तरता अबरुद्ध हुने कुरा हुदैन। तर कुनै बेला कुनै एक बिशेष व्यक्ति ले भने सो खेल मा आपनो बिशेष उपस्थिति देखाउन सफल हुन्छ र यस्ता व्यक्ति ले गर्दा समसामायिक खेल को नियम समेत संसोधन हुने अबस्था आउछ।

नेपाल को राजनीति को खेल मा , खास गरी स्वः सिंह ले सिंचित गरेको ले हो , मधेश एक स्थापित नाम बनेको छ. मधेश मा पहिलो , दोस्रो र तेस्रो बिद्रोह भयो र केहि हद सम्म भए पनि मधेश ले पहिचान र अधिकार पाएको छ। गजेन्द्र नारायण सिंह भन्दा पहिला पनि मधेश को उद्दा न उठेको होइन तर वहाले नै पहिलो चोटी मधेश को अधिकार र पहिचान को कुरा प्रभाशाली र संगठिक रुप मा लामो समय सम्म उठाउनु भएको कुरा लाइ याद गर्न जरुरि छ।

उहा ले आफ्नो नेतृत्वको पार्टी को नाम को सबाल मा भन्नु हुन्थ्यो , सदभावना कुनै पार्टी होइन , यो मधेशी जनता भित्र को भावना हो। यस भावना लाइ नेतृत्व गर्नेले प्रजातान्त्रिक पद्धती बाट सहि मार्ग मा लान सक्नु पर्छ। नेपाल भित्र दोस्रो दर्जा को नागरिक सरह जीवन बिताउन बाध्य बनेकाहरु लाइ सामाजिक न्याय दिलाउदै सम्पूर्ण नेपाली नागरिक ले समानताको अनुभूति गर्न सक्ने नया नेपाल को स्थापना गर्नु नै आपनो पार्टी को मुख्य लक्ष्य हो। यो पक्तिकार ले करिब चार बर्ष देखि गजेन्द्रनारायण सिंह अध्ययन केन्द्र को ब्यानर मा खासगरी उहा को पुन्यतिथिमा फरक फरक सबाल मा सामाजिक , राजनीतिक र सास्कृतिक अन्तरक्रिया गर्दै आएको छ. अहिले को खासगरी मधेश केन्द्रित राजनीतिक दल र समाजमा गजेन्द्र बाबु प्रति अगाध श्रदा र सम्मान आज पर्यन्त कायम रहेको देखिन्छ।

हामी ले धेरै सुनेको तर प्राप्त गर्न नसकेको समग्र मधेश एक प्रदेश स्वरूप जुन हामीले मेची देखि महाकाली सम्म को मधेश प्रदेश कुरा उठाएका थियौ , भावनात्मक रुप मा सम्पूर्ण पूर्व मा मेची देखि महाकाली सम्म को मधेश लाइ जोड्ने प्रयत्न गर्ने पहिलो मधेशी नेता बन्ने श्रेय पनि उनै गजेन्द्र नारायण सिंह लाइ जान्छ।

अधिकार , पहिचान , समतामुलक समाज निर्माण को सबाल मा आबाज बुलन्द गर्दै शोषण , उत्पीडन मा परेका मधेशी समाज मा उहाले आफ्नो अधिकार को लागि लड्नु पर्छ भनि सपना जाग्रीत गराउने पबित्र कार्य गरे। संघियता , समाबेशिता ,मधेशी को रास्ट्रीय पहिचानको मान्यता को लडाई , जातीय , लैगिक विभेद र असमानता को लडाई लड्दै समतामुलक समाज निर्माण मा जीवन पर्यन्त संघर्षरत रहनु भयो।

लोकतन्त्र, बहुलवाद र रास्ट्रीयता को सबालमा मधेस र मधेश को राजनीतिलाई उक्त समयको ज्यादै प्रतिकुल अवस्था मा पनि गजेन्द्र बाबु ले प्रखर रुपमा स्थापित गर्ने काम गर्नु भयो. आफु माथि अनेको किसिम को लान्छना, आरोप , प्रत्यारोप बेहोर्दै नेपालको राजनीतिमा मधेशी हरु को पहिचान र पहुच को कुरा लाइ निरन्तर रुपमा उठाउन प्रयत्न गर्नु भयो।

**मधेस को आगामी यात्रा ----**

मधेसमा अधिकार र पहिचान प्राप्तिका लागि संस्थागत रुप मा गजेन्द्र नारायण सिंह को नेतृत्वकाल र तेस पछी पहिलो , दोस्रो र तेस्रो मधेश आन्दोलन भयो। जसमा १ सय १७ जना सहिद भए। मधेस बिद्रोहको राप ताप पछी मधेसवादी शक्तिको आवाज ब्यालेटबाट जुन रुपमा मुखरित भएर आयो, त्यो आवाज विस्तारै धमिलो हुँदैछ । आन्दोलनको विरासत , आन्दोलन पुरानो हुदै गए पछी कमजोर हुँदै गइरहेको छ। आन्दोलनको करिब १५ वर्षमै मधेसको मुद्दा ओझेलमा पर्न थालेको देखियो। । मधेस केन्द्रित भनिएका राजनीतिक शक्तिहरु एक्ला -एक्लै चुनाव लड्न सक्ने स्थितिमा समेत रहन सकेनन्। छोटो समयमै मधेसमा राजनीतिक परिदृश्य किन र कसरी फरक भयो ? 'मधेस आन्दोलनमा हजारौं युवाहरूले ऊर्जा मात्रै होइन, भविष्य पनि गुमाएको छ। जुन भावना र मुक्तिका लागि मधेसी जनताले संघर्ष गरेका थिए । नेताहरूले संस्थागत गर्न सकेनन्। मधेसका मुद्दालाई अहिले निकै पछाडि धकेलिएको छ।' मधेसको राजनैतिक शक्ति न एक रहन सके न त कुनै दल एक्लै ठूलो हुन सक्यो।

राज्य इतिहाशमा जस्तै मधेसका मुद्दाको व्यवस्थापन मा लाग्नु भन्दा पनि मधेशका नेताहरु को व्यवस्थापनमा आफ्नो ध्यान केन्द्रित गर्दै आएको छ।राज्यको यस्तो सोच ले द्वन्द्वलाई तत्काल मत्थर गरे पनि द्वन्द्वका घाउलाई जीवित बनाइ राख्ने देखिन्छ। नेताहरुको व्यवस्थापन सँगै खाश मा मुद्दाको व्यवस्थापनमा राज्य गम्भीर बन्नुपर्ने हो तर त्यसो नहुनुको परिणाम नेतृत्व र स्वरूप फेरिएका मुद्दा बेलाबेलामा उठ्दै आइरहेका छन्। 'राज्य मधेसका मूल मुद्दालाई सम्बोधन गर्नतर्फ कहिल्यै गम्भीर भएको पाइएन । मधेसको मूल मुद्दा 'रंगभेद' हो। जसको समाधानका लागि सहमति त धेरै भए तर पालना कहिल्यै भएन।

तत्कालीन सरकारले ५ पुस २०५० मा नेपाल सद्भावना पार्टीसँग चार बुँदे सहमति गऱ्यो। तर न सहमति पालना भयो न मुद्दाको व्यवस्थापन नै। २६ कात्तिक २०५५ मा सरकार र सद्भावना पार्टीबीच पुनः तीन बुँदे सहमति भयो तर मधेसका मुद्दा ज्युँका त्यु रहयो।

राज्यसत्तामा सम्मानजनक उपस्थिति, अधिकार र हक हुनुपर्ने भन्दै २००८ सालदेखि सुसुप्त रूपमा चल्दै आएको मधेस आन्दोलन २०६३ माघ ५ गते लहानबाट 'मधेस विद्रोह' को रूपमा बिस्फोट हुन पुग्यो। त्यसपछि मधेसका सबै दलको संयुक्त मोर्चाको नेतृत्वमा भएको मधेस विद्रोहको बलमा अन्तरिम संविधानमा संशोधन भई पहिलोपटक मधेसले संवैधानिक पहिचान प्राप्त गर्यो। तर दोस्रो संविधान सभामा कमजोर भएको बखत संविधान बनिरहदा मधेसले उठाएको मुद्दा सम्बोधन गर्ने प्रयाश समेत गरिएन राज्यको तर्फ बाट । सरकार केन्द्रित मुख्य दलहरुले मधेसका महत्वाकांक्षी नेताहरुको व्यक्तिगत स्वार्थको सम्बोधन गरिदिने तर मधेसीको अधिकारलाई वास्ता नगर्ने रणनीतिमा लागेको देखियो । आफ्नो स्वार्थ पूरा भएपछि मधेसीको अधिकारको वास्ता नगर्दा मुख्य दलहरुलाइ सजिलो हुने नै भयो । राज्यसत्ताले मधेसको मुद्दालाई मधेसी जनताको मुद्दा नबुझेर मधेसवादी दलहरूको मुद्दा बुझिदिँदा पनि समाधान पर धकेलिँदै गएको हो। विगत डेढ दशकमा मधेसमा तीनवटा आन्दोलन भइसके। जसमा ११७ जना मधेसीले बलिदान दिइसके। अब फेरि द्वन्द्व नहोस्, रगत नबगोस् भन्नेमा राज्य गम्भीर हुनुपर्ने हो ।

२०५० सालदेखि १४ जेठ २०७८ सम्म मधेसी दलसँग त्यो बेलाका सत्ताले २० पटक सम्झौता गरेको देखिन्छ। तर यी सम्झौताले निकासभन्दा पनि समस्यालाई निरन्तरता मात्र दिएको देखिन्छ। जसकारण मधेसमा सम्झौताको चाँडसँगै असन्तुष्टको संख्या पनि थपिँदै छ। एजेन्डा अगाडी आन्दोलन गर्ने अनि त्यो आन्दोलनलाई आफ्नो स्वार्थअनुसार बिसाउने प्रवृत्तिले पनि मधेसमा आक्रोशको थुप्रो बढ्दै गएको हो।

०६३ र ०६४ सालमा भएको मधेस आन्दोलन र त्यसपछिको सहमतिले एकप्रकारको जितको अनुभूति दिलाएको थियो । ०७२ सालको आन्दोलनले पराजयको अनुभूति गरायो। ६ महिना लामो र कठोर आन्दोलन भएपनि त्यस आन्दोलनमा मधेसी हारे, तर त्यस लगत्तै भएको निर्वाचनको जितले आन्दोलनमा भएको पराजयलाई बिर्साइदिएको थियो। तर मधेसी नेताहरु जितको उत्सव मनाउनमै मस्त भए। स्थानीय तहमा विजय प्राप्त गरेकाहरु उपभोक्ता समिति गठन र रकमको व्यवस्थापनमा व्यस्त भए। प्रदेश वा केन्द्रका सांसदहरु आफनो कोषको व्यवस्थापनमा व्यस्त भए।

तत्कालीन प्रदेश नम्बर २ मा प्रदेशमा मधेसी दलकै सरकार बन्यो । मधेसी जनता काठमाडौंका शासकहरु भन्दा प्रदेश सरकार बारे पृथक शासन सोचेका थिए तर सो शासन भन्दा केही पृथक अनुभूति मधेसी जनताले गर्न सकेनन्। अरु प्रदेश सरकार भन्दा अपेक्षाकृत केही राम्रो काम गरे पनि प्रदेश सरकार सङ्ग निकै अपेक्षा थियो। तर तत्कालिन मधेश केन्द्रित दल का मुख्य नेताहरु ले प्रदेश सरकार को नेतृत्व मा नजानु पनि अर्को बिडम्बना भयो। स्थानीय सरकारलाई त झन दलहरूले प्रभावकारी बनाउन सकेनन।

त्यसैगरी संविधानसँग असहमतिको आन्दोलन किन छोडियो? निर्वाचनमा पालैपालो भाग किन लिइयो? २०७४ चुनावको प्रष्ट सन्देश थियो, मधेशी दलको नेतृत्वले जनकपुरधाम को सत्तालाई प्रभावकारी बनाऊन् र संघीय संसदमा संविधान संशोधनको राजनीतिलाई फराकिलो पारुन्, तर यिनीहरू त्यस पथमा काम गर्न सकेनन् ।२०७९ को चुनाब आउँदासम्म मधेसवादी दलहरूले आफ्नो एजेन्डा बिर्सेर पहिला विरोध गरेकै पार्टीहरूसँग राजनीतिक गठबन्धन गरेपछि उनीहरूलाई जनताले पत्याउन सकेनन् । मुख्य दलहरूले प्रायोजित रुपमै राजनीतिक कुरा सक्यो अब सुशासन र समृद्धिको कुरा गर्नुपर्छ त्यो एजेन्डा मधेसी दलसँग छैन। यसै बखत सिके राउतले किसानको दुःख पीडा, मलको अभाव र जनतालाई प्रत्यक्ष सरोकार राख्ने विषयहरूमा बोलेर गाउँघरमा आफूलाई चर्चित बनायो। प्रदेश सरकारका गलत क्रियाकलापहरूको खुलेर विरोध गऱ्यो जसले गर्दा यस पार्टीलाई जनताले एउटा अवसर दिउँ भन्दै अवसर दिएका हुन्। यति हुदैमा मधेसको राजनैतिक सवाल सिद्दिएको मान्न सकिन्न। "समृद्धि र बिकास" को सपनाको नाममा परिवर्तनका आधारभूत सवालहरूलाई पंछाउने खेल जुन मधेस तिर सारिएको छ, त्यो क्षणिक मात्र हो , भन्ने कुरा सुसुप्त रुपमा सहि तर अहिले देखिन थालेको छ।

सधै आन्दोलन र पुरानै एजेन्डा तथा नेतृत्वको अकर्मण्यता कारण जनता निराश भए। जसको परिणाम मधेसी दलहरू एकातिर भए, मधेसी जनता र मधेसको एजेन्डा अर्कोतिर भयो । यसपालि संसद् त 'हंग पार्लियामेन्ट' बनेको छ, संघीयता, गणतन्त्र, समाबेशिता बिरोधि शक्तिहरुको जबर्जस्त प्रतिनिधित्व छ । 'अब मधेस 'मुद्दा' सम्बोधन त के प्रवेश पाउन पनि मुस्किल छ।' मधेस मुद्दा पर धकेलिँदा मधेसमा विद्रोहको सम्भावना पनि व्यापक बन्दै जाने नै छ।अहिलेका शासकलाई के लाग्छ भने, जनताको मतलाई राष्ट्रवादले लठ्याएर फेरि मतपेटिकामार्फत आउन सक्छु। अझै पनि सत्ताले मधेसलाई बुझेन भने फेरि जनता जाग्छन्, उही चक्र दोहोरिन्छ।



**अहिले सतह मा देखिएको मधेसको मुख्य सबाल :**

१. अहिले मधेसमा जातीय विवाद चर्किँदो छ । मधेस आन्दोलनका बखत सबै मधेसी थिए। तर, केही पछाडि थारु र मुस्लिमलाई अलग गरियो, त्यसपछि जात जात र मुल गोत्रमा बिभाजन गरियो । बिभाजन हिन्दु-मुस्लिम, थारु-बाजि हुँदै फरवार्ड-ब्याकवार्ड, यादव-अन्यबीच मात्र होइन जात जात बिच झरेको छ। यस्तो स्थिति मधेसी आन्दोलन विभाजनबाट विघटनतर्फ जान सक्ने स्थिति देखा पर्दै छ। मधेस आन्दोलनको कार्यभार पूरा गर्न जातीय एकत्रित हुँदाको शक्ति पुनः फर्काउनु आबस्यक छ।

२. व्यक्तित्वहरूको द्वन्द्व, भूमिकाको खोजी, अवसरको उपयोग-दुरुपयोग, कुण्ठा-द्वेषको संघर्ष र नेतृत्व लिने होडबाजीले गर्दा मधेसी नेतृत्व पंक्ति विभाजित छ। सानो अवसर पाउँदैमा मस्त हुने र नपाउँदैमा गाली गलौचमा व्यस्त हुने कु संस्कार देखिएको छ । खासगरी नेतृत्वको अहं ब्यबस्थापन गरेर अगाडि बढनु छ।

३. आन्दोलनबाट आइसकेको सरकारबाट धेरै अपेक्षा थियो। कांग्रेस, एमालेले धेरै गोलमाल र भ्रष्टाचार गरे भनेर पनि मधेसी दलमा लागे, भोट दिए, तर मधेसी दलहरु पनि त्यस्तै पैसा कमाउने, उपभोक्ता समिति मार्फत बाँडीचुँडी खाने काम गरेकोले 'पुराना दलभन्दा कुनै फरक नदेखिएको आम मधेसीजनको गुनासो सामाजिक धारणा भएको छ र यसलाई गम्भीरता पुर्वक चिर्नु पर्दछ।

४. प्रदेश २ को मधेस नामकरण समग्र मधेस (मधेसका २२ जिल्ला) का लागि उपलब्धि मान्ने हो भने प्रश्न उठ्छ, नामकरणको खुसियाली बाँड्न मधेस सरकारले दिएको बिदाको उपयोग सबैले गरे त ? के मेचीदेखि महाकाली सबैतिर दीप प्रज्वलित गरेर खुसियाली मनाइयो ? सप्तरीदेखि पर्सासम्म नेता कार्यकर्ताको उपस्थितिमा एकथरी मधेसीले खुसी मनाइरहँदा यसभन्दा बाहेकका भूगोलका मधेसीको मनोस्थितिको विश्लेषण गर्ने कि नगर्ने ? यसबारे बाकी मधेसलाई सम्बोधन हुनेगरी बिश्वाशिलो आधार तैयार हुन् जरुरि छ ।

५ . पछिल्लो मधेस आन्दोलन, मधेसी जनताले गरेको चरम संघर्ष थियो । तर आन्दोलन सफल हुन सकेन, मधेसी जनता हारे । यस्तो मनोदशाले मधेसलाई एक पाइला पछाडि धकेल्ने काम गरेको छ भन्दा अस्वाभाविक हुँदैन । आन्दोलनका समयमा यहाँका समग्र मधेसी जति उत्साहित थिए, त्यसमा ह्रास देखा परेको छ। त्यसबखत स्थानीय जनताको ठम्याइ थियो- आन्दोलनको परिणामले मधेसमा व्याप्त विभेदको अवस्थालाई चिर्नेछ र समतामूलक समाजको निर्माण हुनेछ तर यतिखेर उनको ठम्याइ छ- विगतका अपेक्षामाथि तुषारापात भएको छ । राज्य जित्ने रहेछ, मधेसले जित्ने योजना नेतृत्व सङ्ग रहेन छ। त्यसैले अब ठोस भरोसा सहित, योजना तहत मधेसी जनताको आत्म बिश्वास जगाउनु पर्छ।

**अन्त्यमा,**

संरचना रंगभेद, नस्लीय चिन्तन कार्यगत पक्षीयता नै मधेसको मूल समस्या रूपमा बुझ्नुपर्दछ। यी समस्याको समाधान नगरिकन नेतृत्वकर्ताको मात्र व्यवस्थापनले मधेसको घाउ निको हुन सक्दैन । ठूला राजनीतिक शक्तिले नै मधेस केन्द्रित शक्तिलाई फुटाएर कमजोर बनायो। मधेसी दल कमजोर हुदैमा र मधेसी जनताले भोट दिए पनि मधेसको माग पूरा गर्न ठूला दलहरूले प्रयत्न गरेनन् भने मधेसमा फेरि अर्को आन्दोलन हुनेछ। मधेसमा केवल डेलिभरीको एजेन्डा बोकेको आफुलाइ भनी आएको नया दलहरु हरुले पनि धर पाउने छैनन्।

संरचनागत विभेदका सिकार बनेका मधेसीहरूको दुखेको चित्त संगठित भएकाले पनि मधेस आन्दोलित हुन धेरै समय लाग्दैन। मधेसी शक्तिहरूबीच जतिसुकै घमासान होस्, मिलून् वा विभाजित होऊन्, सामाजिक संजालको मल्लयुद्ध हुँदै वास्तविक धक्कामुक्कीको नौबत नै किन नआओस् । वर्चस्वशाली शक्तिको राजनीतिले उसलाई बाँच्न नदेओस। तर, थाती रहेका एजेन्डाहरूले उसलाई मर्न दिँदैनन। मधेसको राजनीतिमा दलहरूको गठन-विघटन, अलगअलग मोर्चाबन्दीका चुलाचौका रोज्ने खेल-तमासा नयाँ होइन। निकट अतीतको खोजतलास गर्ने हो भने, यस्तो फेहरिस्त लामो छ। तराई कांग्रेसदेखि लोसपा, जसपासम्मको यात्रामा अनेकचोटि एकअर्कालाई गद्दार देख्ने उपक्रम चलिआएकै छ। यसका बाबजुद यस क्रान्तिकारी जमिन बाट भावनात्मक जनउभार ऐक्यबद्ध रूपमा देखा पर्ने क्रममा विराम लागेन। एजेन्डा ज्युँदो रहेसम्म त्यसको प्राप्तिका लागि पटकपटक आन्दोलन हुन्छ नै, जसले मधेसी राजनीतिलाई मर्न दिँदैन।

मधेसमा अहिलेको यथार्थ फरक छ र यसलाई यसै आधारमा विश्लेषण गरिनु उचित हुन्छ। मधेसको राजनीति नयाँ ढङ्गले परिवर्तित हुँदैछ । समाज फरक आधारमा रूपान्तरित हुँदैछ र मधेसवासीको मनोदशा खास आधारमा विकसित हुँदैछ । थुप्रै प्रश्न विद्यमान छन् जसका उत्तर अपेक्षित छन्। मधेसवासी एक पटक फेरि आफूहरूको पक्षमा कुन राजनीतिक दल क्रियाशील छन् भन्ने खोजी गर्ने अवस्थामा पुगेका छन् भनेर भनियो भने त्यो असङ्गत हुने छैन ।मधेसले विगतमा संघीयता, समानुपातिक समावेशी र जनसंख्याको आधारमा निर्वाचन क्षेत्रको मागलाई स्वर प्रदान गर्दै आएको हो। पूरा हुन अझै बाकी नै छ।

मुद्दा हाँक्ने नेतृत्व कमजोर भएका हुन्। मधेसको मुद्दा अहिले पनि यथावत् छ। राष्ट्रले सम्बोधन नगरेसम्म एजेन्डा जीवितै रहन्छ। आजको नेतृत्व र दल भोलि नरहन सक्छ तर नेपाली राजनीतिमा मधेस निर्णायक रहिरहन्छ। एकातिर तेस्रो मधेस आन्दोलनले रूपान्तरकारी परिवर्तन ल्याउन तम्सिए पनि आमजन पराजयको मानसमा बाँच्न विवश भएको तथ्य सामुन्ने छ, अर्कातिर ती परिवर्तनका मूलभूत कुरा ओझेलमा छन।

पाकिस्तानका बलोचहरू इस्लामाबादसँग सन्तुष्ट छैनन्। आफ्नो फरक नागरिकता खोजिरहेका छन्। श्रीलंकामा तमिलहरूको कोलम्बोसँग सन्तुष्टि छैन, र उनीहरू पनि फरक नागरिकता खोजिरहेका छन्। तर, याद राख्नुहोस्, मधेस काठमाडौंसँग संघर्ष गरिरहेको छ। काठमाडौं माथि प्रश्न गरिरहेको छ। काठमाडौं केन्द्रीय सत्ताको प्रतीक हो भनिरहेको छ, मधेसले सधै नेपाली नागरिकता मागिराखेको छ। मधेस नेपालको नेतृत्व गर्न चाहन्छ। लघु होइन, विशाल बन्न चाहन्छ। मधेस छुट्टै देश होइन, नेपाल खोजिरहेछ। त्यो भाव बुझ्न/बुझाउन जरुरी छ। अर्कोतिर अबको संघर्षमा थारू-मधेसी- सहकार्यले आकार पायो भने, त्यसमा जनजाति स्वतस्पुर्त रुपमा सहभागिताका लागि तयार हुन्छन् , र साथमा उत्पीडित खस आर्य जोडिन आउने छन्।


कुनै पनि प्रसंग को कुरा गर्दा , हिजो को प्रश्नहरु बाट , हिजोको जस्तो उतर खोजेर आजको समाधान खोज्नु न्याय संगत हुदैन। आजको समस्याको समाधान खोज्ने हो भने , आजका प्रश्नहरु के के हुन्। आजको उतर हरु कस्तो हुनु पर्छ भन्ने कुरा मा सामुहिक रुपमा सम्पूर्ण शोषित पिडित र बहिस्करण मा परेको नेपालीहरु ले संगै बसेर चिन्तन गर्न आबस्यक छ। यो देश सबै नेपाली ले अपनत्व महशुश गर्न सक्ने गरि सबै नेपाली को नेपाल बनाउन आबस्यक छ।

जय देश, जय मधेश।

# अधिकारका लागि तत्काल निष्कर्षमा लैजानुपर्ने सांसद विश्वकर्माको भनाइ

टुडे समाचारदाता

नेपालगञ्ज । रुपन्देहीको निर्वाचन क्षेत्र नं १ बाट निर्वाचित सांसद छविलाल विश्वकर्मालाई यस निर्वाचन क्षेत्रमा जमिनसँग जोडिएका समस्या धेरै रहेको राम्रैसँग थाहा छ । उनी भन्छन्, "व्यवस्थित बसोबास, भूमिहीन, दलित समुदायका जमिनका समस्या यहाँ धेरै छन् । सरकारले तोकेको राजस्वको दर बढी भएर उनीहरूले जमिनलाई निजी स्वामित्वमा ल्याउन सकेका छैनन् । बरु उनीहरूलाई नयाँ जमिन किन्दा सहज हुने देखिएको छ । भूमिहीन, अव्यवस्थित बसोबासी र दलित समुदायका समस्यालाई सधैँ बोक्ने होइन, यसलाई एउटा निष्कर्षमा पुर्याउनुपर्छ ।"



सांसद विश्वकर्मा भन्छन्, "अहिले हामी नेपालको संविधानले सुनिश्चित गरेको संसदीय अभ्यासमा छौँ तर संविधानको मर्मअनुसार शतप्रतिशत अभ्यासमा अघि बढेका छौँ भन्ने मेरो दाबी छैन । संविधान कार्यान्वयनका मामलामा पर्याप्त ध्यान दिनुपर्ने स्थिति छ । अभ्यासमा जाँदा स्वाभाविकरूपमा दलका दृष्टिकोणहरू, मान्यताहरू प्रतिबिम्बित हुन्छन् । राजनीतिक दलबीच समझदारी बनाएर अघि बढ्नुपर्ने अवस्था छ ।"

संसद्को आगामी अधिवेशनका लागि मिति घोषणा भइसकेको छ ।

जनताको सार्वभौम अधिकारसम्पन्न प्रतिनिधि संस्था भनेको प्रतिनिधिसभा वा राष्ट्रियसभा नै हो अर्थात् सङ्घीय संसद् हो जनाउँदै उनले यसलाई सही ढङ्गले सञ्चालन गर्ने र उपलब्धिमूलक ढङ्गले परिचालन गर्ने दायित्व सरकारको रहन्छ भने । उनी भन्छन्, "संसदले प्राप्त गर्ने बिजनेसलाई ठीक ढङ्गले निरुपण गर्ने मामलामा तदारुकता वा अनुकूल परिस्थिति निर्माण भएन भने संसद्को काम प्रभावित हुन्छ ।"

गएको संसद्को अधिवेशन नियमितरूपमा चलेजस्तो देखियो तर धेरै उत्साहजनक अनुभूति गर्न पाइएन । अहिले फेरि संसदीय समितिका बैठक नियमित बसाउने पहल र प्रयत्न भएको छ । संसदीय समिति बने पनि प्रमुख तोक्न समय लाग्यो, सांसद विश्वकर्माले भने, "म शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिमा छु, यी समितिलाई कामयाब बनाउनका लागि समितिको सचिवालय, त्यसको जनशक्ति धेरै व्यवस्थित हुन जरुरी छ । तर हुँदै भएको छैन त भन्न मिल्दैन । तर यसलाई अझ प्रभावकारीरूपमा कार्यसम्पादन गर्न व्यवस्थित बनाउन पर्ने देखिन्छ ।"

संसदीय समितिको प्रभावकारिताका बारेमा उनी भन्छन्, "जुन समितिमा हामी छलफल गर्छौं समितिले निर्देशन देला त्यो कार्यान्वयन भयो वा भएन त्यो पनि हेर्न जरुरी छ । समितिले दिएको निर्देशन सम्बन्धित मन्त्रालयले कार्यान्वयन गर्यो वा गरेन त्यो कामको मूल्याङ्कन पनि हुन जरुरी छ । अर्को, नियमितरूपमा आउने विधेयक छलफल भएर अघि जाने विषय पनि छन् । यसमा व्यवस्थितरूपमा अघि बढिएको छ भन्न मिल्दैन तर सरकार यसमा जेलिएको पाउँछु मैले ।"

"शिक्षा विधेयकलगायतका धेरै जल्दाबल्दा विधेयक संसद्मा छन् । त्यसकारण विधेयकमा सहमति जुटाउन समय लाग्ने अवस्था देखिन्छ । सत्तापक्षले प्रमुख प्रतिपक्ष र प्रतिपक्षसँग पनि समन्वय र गरेर समझदारी कायम गरेर अघि बढ्दा विषय निष्कर्षमा पुग्छन् ।

सरकारले आग्रह राखेर सत्ता गठबन्धनलाई कसरी टिकाउने भन्ने विषयमा ध्यान दिने राष्ट्रिय सरोकारका मामला पनि बेवास्ता गर्ने र जनसरोकारका विषयमा पनि बेवास्ता गर्ने र आत्मसर्मपणका लागि जोसँग पनि तयार हुने र आफ्नो सत्ता कसरी टिकाउने भन्ने भयो भने निष्कर्षमा पुगिँदैन । यसमा सबै पक्ष जिम्मेवार हुनुपर्छ र यसका लागि सत्तापक्षले जिम्मेवार भएर भूमिका निर्वाह गर्नुपर्छ", सांसद विश्वकर्माले भने ।

नेकपा (एमाले)को सचिवको समेत जिम्मेवारी निर्वाह गरिरहेका सांसद छविलाल विश्वकर्माको जन्म विसं २०१९ मङ्सिर २३ गते स्याङ्जामा भएको हो । पार्टीभित्र बौद्धिक व्यक्तित्वको छवि बनाएका नेता विश्वकर्मा दलित आन्दोलनबाट राजनीतिमा प्रवेश गरेका हुन् ।

एक प्रसङ्गमा उनले भने, "विपक्षी पार्टीले संसदीय समितिमा बसेर मोलमोलाइ गरेको भन्ने विषय निरर्थक आरोप हो । सत्तारुढ दलले प्रतिपक्षलाई आक्षेप लगाएर आफू सुरक्षित हुने उपाय हो । एमालेले अहिले किन बार्गेनिङ गर्छ ? गर्न परे त सत्ता गठबन्धनसँग सोझै कुरा गर्छ नि ।"

रुपन्देहीको निर्वाचन क्षेत्र नं १ मा पहाडबाट दक्षिणको दशगजासम्म निर्वाचन क्षेत्र पर्छ । यसमा सवा लाख जनताको बसोबास छ । यो ऐतिहासिक सांस्कृतिक महत्व बोकेको प्रदेश पनि जिल्ला पनि हो । लुम्बिनी बन्नुका पछाडि देबदहको योगदान छ । बुद्धकालीन समयको साहित्यलाई, त्यतिबेलाको अभिलेखलाई हेर्ने हो भने त्यसबाट प्रष्ट छ महामानव गौतम बुद्धको मावली देबदह हो । यो त स्थापित भएको कुरा हो । तर सांसद विश्वकर्मा लुम्बिनीले बढी चर्चा पाएको बताउछन् । उनी भन्छन्, "लुम्बिनीलगायतका विषय अघि आउँदा देबदह ओझेलमा परेको छ । अरु सांस्कृतिक पक्षलाई ध्यान दिइएको छ तर प्राकृतिक सम्पदाका पक्षलाई बेवास्ता गरिएको छ । रोहिणी नदीको पूर्वतिर कोलिय राज्य, पश्चिमतर्फ शाक्य राज्य थिए । यो इतिहासमा उल्लेख छ । त्यसको संरक्षण र संवर्द्धन त्यसको बहुउदेश्यीय हिसाबले यसको विकास गर्न सक्दा, लुम्बिनी, रामग्राम, तिलौराकोट, देबदह आदिमा एउटा आयाम थपिने छ ।"

दक्षिणबाट उत्तरतर्फ जोड्ने तीन-चार महत्त्वपूर्ण सडक छन् । त्यो सडकको काम अगाडि बढाइयो तर बीचमा अवरुद्ध भयो । सरकारले त्यसलाई बेवास्ता गर्यो र त्यसलाई जोड्दै जोडेन । सीमावर्ती क्षेत्रका जनताले राज्य जिम्मेवार छ भन्ने कुराको अनुभूत गर्न पाउनुपर्छ । उनी भन्छन्, "आधार भूत अस्पतालका तत्कालीन सरकारले बजेटसहित कार्यक्रम अघि सार्यो तर अहिले पूर्वाधार अलपत्र परेका छन् । सामुदायिक विद्यालयको अवस्था पनि राम्रो छैन । राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमको योजना कटौतीमा परेको छ । यस निर्वाचन क्षेत्रका दुई सामुदायिक क्याम्पसको विकासका लागि ध्यान दिइएको छैन । समानुपातिक हिसाबले सबै जनताका बीचमा विकास पुग्नुपर्छ । नारायणगढ-बुटवल सडकखण्डको एउटा भाग मेरो निर्वाचन क्षेत्रमा पर्छ त्यसमा ताकेता गरिरहेका छौँ । हुलाकी सडकखण्ड पनि मेरो निर्वाचन क्षेत्रमा पर्छ यसको सुधार गर्ने काम अलिअलि अघि त बढेको छ तर पर्याप्त छैन ।"

युवाको बढ्दो संख्यामा विदेश पलायनका बारेमा सोधिएको प्रश्नमा सांसद विश्वकर्मा भन्छन्, "यो एउटा आशा, भरोसा, विश्वास जगाउने कुरा पनि हो ।

बैदेशिक रोजगारीमा जानेलाई विल्कुल निरुत्साहित गरेर हुन्छ भन्ने मामलामा म छैन । दक्ष जनशक्ति सुरक्षित तरिकाले वैदेशिक रोजगारीमा पुग्ने व्यवस्था मिलाउनुपर्छ । यहाँबाट दक्ष भएर गएर त्यहाँबाट फर्केर आउँदा सुरक्षित ढङ्गले फर्कोस् यस्तो खालको विषयमा ध्यान दिनुपर्छ । घरमा राम्रै व्यवस्था भएका व्यक्ति पनि विदेश गएका छन् । यसको कारण के हो त ? जो आफू सुतेको बिस्तरा यहाँ उठाउन्न ऊ त्यहाँ गएर भाँडा माझ्दैछ । यसलाई कसरी बुझ्ने ? यसको समाजशास्त्रीय हिसाबले अध्ययन र विश्लेषण हुन जरुरी छ । कसैले वैदेशिक रोजगारीमा जान्छु र अध्ययन गर्छु भन्ने सोच राख्छ भने त्यसलाई अनुकूल वातावरण निर्माण गरिदिनुपर्छ । उसले त्यहाँबाट अध्ययन गरेको विषय र सीपले यहाँको विकासमा मद्दत पुग्न सक्छ । यसलाई नियमन पनि गर्न जरुरी छ । विदेश जाँदा पनि खुसीले जाओस्, फर्कँदा पनि खुसीले फर्कोस् र उसले ल्याएको सीपले एउटा नयाँ उपलब्धि हासिल होस् भन्ने लाग्छ ।"

मुलुकमा सुशासन कायम गर्न राज्य नै जिम्मेवार बन्नुपर्छ, अन्य यसमा सहायक बन्ने हो । मानव मर्यादा स्थापित गर्ने कुरा धेरै ठूलो कुरा रहेछ । संस्कार र संस्कृति भन्ने कुरा धेरै ठूलो कुरा रहेछ । संविधानले प्रदत्त गरेको विशेषता र उपलब्धिबाट प्राप्त विषयलाई केही होइन भन्ने विषयबाट जुन खालको प्रयत्न भइरहेको छ यसको कुनै अर्थ छैन तर यसबाट एउटा शिक्षा लिनुपर्छ भन्छु म । समय पछाडि फर्कँदैन यो अगाडि बढ्छ ।

# बौद्धिक समुदायको साथ चाहिएको प्रधानमन्त्रीको भनाई

टुडे समाचारदाता

काठमाण्डु । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले विश्वविद्यालयलाई अन्तर र्राष्ट्रियस्तरको प्रतिस्पर्धी शिक्षण संस्थाका रुपमा विकास गर्न आफू लागि परेको बताएका छन् । शिक्षा क्षेत्रमा लामो समय योगदान दिनुभएका विज्ञसँग बुधबार प्रधानमन्त्री निवास बालुवाटारमा भएको छलफलमा उनले विश्वविद्यालयलाई राजनीतिक भागबण्डाको थलो बन्न नदिन खुला प्रतिस्पर्धाबाट उपकुलपति छनोट गर्न लागिएको स्पष्ट पारे ।



"देश बनाउन सबभन्दा 'बेष्ट ब्रेन' केन्द्रित हुनुपर्छ, विश्व विद्यालयलाई राजनीतिक भागबण्डाको थलो बनाउनु हुँदैन भनेर विगतको परम्परामा 'ब्रेक थ्रु' गर्न लागिएको छ, यसमा बौद्धिक समुदायको साथ र सहयोगको अपेक्षा गरिएको छ", प्रधानमन्त्री दाहालले भने ।

उनले आफू प्रधानमन्त्री भएदेखि नै उज्यालो र समुन्नत नेपालका लागि सुशासन, सामाजिक न्याय र समृद्धिका पक्षमा अनवरत काम गरिरहेको उल्लेख गर्दै आमजनतालाई देशमै भविष्य छ भनेर भरोसा दिनुपर्ने दायित्व राज्यको भएकाले यसमा बौद्धिक समुदायको पनि महत्वपूर्ण भूमिका रहने बताए ।

"देश बनाउने जिम्मा सरकार, सबै राजनीतिक दलका साथै विभिन्न तह र तप्काका जनसमुदायको हो", उनले भने, "अहिले देशको राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक र शैक्षिक क्षेत्रमा रुपान्तरणको खाँचो छ । यसका लागि राज्यका साथै सबैले जिम्मेवारी लिनुपर्छ ।"

छलफलमा डा केदारभक्त माथेमा, डा पीताम्बर शर्मा, डा विद्यानाथ कोइराला, डा चैतन्य मिश्र, प्रा कृष्ण खनालसहित प्रबुद्ध व्यक्तित्व सहभागी थिए । उनीहरुले हालै विश्वविद्यालयमा भागबण्डा नगर्ने र 'मेरिटोक्रेसी'बाट उपकुलपति छान्ने प्रक्रिया अघि बढाउनुले नयाँ आशा पलाएको बताएका थिए । उनीहरुले समग्र शिक्षा क्षेत्रसहित विश्वविद्यालयको पुनःसंरचना गर्नेगरी सुधार थाल्न सुझाव दिएका थिए ।

# सवारी चालक अनुमतिपत्र छाप्ने अधिकार प्रदेशलाई दिइने

टुडे समाचारदाता

काठमाण्डु । भौतिक पूर्वाधार तथा यातायातमन्त्री प्रकाश ज्वालाले सवारी चालक अनुमतिपत्र छाप्ने अधिकार प्रदेश सरकारलाई दिने तयारी भइरहेको बताएका छन् ।



पार्टीको केन्द्रीय स्कुल विभागद्वारा बुधबार आयोजित प्रशिक्षण कार्यक्रममा मन्त्री ज्वालाले जनतालाई सहजरुपमा सेवा उपलब्ध गराउन अनुमतिपत्र छाप्ने अधिकार प्रदेशलाई दिन लागिएको बताए । सवारी चालक अनुमतिपत्रका लागि रकम भुक्तानी र आवेदन अनलाइनमार्फत भर्न सकिने बताए ।

"केही दिनअघि हामीले प्रदेशका सम्बन्धित मन्त्री र सचिवसँग बसेर यसका बारेमा छलफल गरेका छौँ", मन्त्री ज्वालाले भने, "अब सवारी चालक अनुमतिपत्रलाई प्रदेशस्तरीय बनाउनुपर्छ, सङ्घमा राखेर हुँदैन भन्ने निष्कार्ष निकालेका थियौँ ।" यसलाई अझ प्रभावकारी र भरपर्दो बनाउने गृहकार्यमा मन्त्रालय जुटिरहेको बताउँदै उनले भने, "हाम्रा केही सीमा छन् । ती सीमालाई सम्मान गर्दै हामीले केही राम्रा कार्यहरु गरेका छौँ ।

रकम भुक्तानी र आवेदन अनलाइनमार्फत भर्न सकिने व्यवस्था गरेका छौँ । सवारी लाइसेन्समा भएको घोटाला बाहिरा ल्याएका छौँ ।" मन्त्री ज्वालाले करिब २९ हजार नक्कली लाइसेन्स खारेज भइसकेको जानकारी दिँदै छापिएका करिब एक लाख नक्कली लाइसेन्स रद्द गर्ने प्रक्रिया अगाडि बढाउने प्रतिबद्धता व्यक्त गरे । नक्कली लाइसेन्सको घोटालामा केहीको संलग्नता देखिएकाका थप अनुसन्धान गरिने बताए ।

# 'अनुत्पादक क्षेत्रमा बढी लगानी गर्दा वित्तीय क्षेत्रमा समस्या देखियो'

टुडे समाचारदाता

काठमाण्डु । अर्थमन्त्री डा प्रकाशशरण महतले बैङ्क तथा वित्तीय संस्थाबाट घरजग्गा र शेयर बजारजस्ता अनुत्पादक क्षेत्रमा बढी कर्जा विस्तार हुँदा त्यसले समस्या सृजना गरेको बताएका छन् ।



राष्ट्रिय वाणिज्य बैङ्कको ५९ औँ वार्षिकोत्सवमा अर्थमन्त्री महतले विगतमा अनुत्पादक क्षेत्रमा ठूलो लगानी हुँदा समस्या देखिएको उल्लेख गर्दै अबका दिनमा उत्पादनमूलक र राम्रो प्रतिफल दिने क्षेत्रमा लगानी गर्नुपर्ने बताए ।

"हिजोका दिनमा बैङ्कबाट भएको लगानी ठीक ठाउँमा गएन । शेयर बजार र जग्गामा धेरै कर्जा विस्तार भयो । त्यो बेला ऋण लिएका ऋणीहरु अहिले समस्यामा परेका हुन् । ब्याजदर बढ्यो तर प्रतिफल छैन", अर्थमन्त्रीले भने, "हाम्रा आवश्कता धेरै छन् । स्रोत साधन निकै कम छ । खर्चको प्राथमिकिकरण गर्न आवश्यक छ । राज्यको स्रोत साधनलाई बढीभन्दा बढी प्रतिफल दिने क्षेत्रमा लगानी गर्नुपर्छ ।"

बैङ्क तथा वित्तीय संस्थाले घरजग्गा धितो राखेर कर्जा दिनुको सट्टा विभिन्न खालका आयोजनालाई धितो मानेर कर्जा दिने प्रवृत्तिको विकास गरिनुपर्ने अर्थमन्त्री महतले बताए । पूर्वाधार र संरचनाका हिसाबले सार्वजनिक क्षेत्र निकै राम्रो भएपनि सहज सेवा प्रवाहमा चुक्दा बदनाम हुनुपरेको उनले बताए । आम नागरिकलाई हुने सेवा प्रवाह सरल र सहज बनाएर सार्वजनिक क्षेत्रप्रतिको बुझाइलाई सुधार गर्दै जानुपर्ने उनले उल्लेख गरे । सरकारी भएकै कारण राष्ट्रिय वाणिज्य बैङ्कले अपेक्षित प्रगति गर्न नसकेको उनले बताए ।

"यो बैङ्कको हैसियत यति मात्रै हुने होइन । यो सार्वजनिक बैङ्क भएकै कारण नेपालको नम्बर एक बैङ्क हुन नसकेको हो । बैङ्कको व्यवस्थापन र कर्मचारीका कारण बैङ्क पहिलो हुन नसकेको हो", अर्थमन्त्रीले भने ।

ट्रेड युनियनका नेताहरुले माग मात्रै राख्ने तर समस्या समाधानका लागि कसरी पहल गर्ने भन्नेबारे सुझाव नदिने गरेको अर्थमन्त्रीले बताउनुभयो । गत आर्थिक वर्षमा बैङ्कको नाफाबाट सरकारले पाँच दशमलव पाँच प्रतिशत लाभांश लिएको उल्लेख गर्नुहुँदै उहाँले बढी सेवा सुविधा पाउनुपर्ने कर्मचारीको माग अनुचित हो भने ।

"राज्यले बढी नाफा लिएर काम गर्नेलाई थोरै दिएको भए गुनासो गर्नु स्वभाविक हो तर लगानीको तुलनामा गतवर्ष सरकारले पाएको साढे पाँच प्रतिशतको लाभांश धेरै ठूलो रकम होइन", अर्थमन्त्री महतले भने, "कर्मचारीको हकहितमा मेरो साथ हुन्छ । कुनैपनि अनुचित हस्तक्षेप मबाट हुँदैन । तर राज्यको लगानी भएको संस्थामा अर्थमन्त्रालयले जिम्मेवार भएर निगरानी गर्छ ।" पछिल्लो समय अर्थतन्त्रका सूचक सकारात्मक हुँदै गएको र लगानीकर्तामा विस्तारै मनोबल उकासिँदै गएको पनि उनले बताए ।

नेपाल राष्ट्र बैङ्कका गभर्नर महाप्रसाद अधिकारीले नेपालको अर्थतन्त्रमा राष्ट्रिय वाणिज्य बैङ्कको महत्वपूर्ण भूमिका रहेको बताए । विगतमा कुनै समय ६० प्रतिशतसम्म निष्क्रिय कर्जा देखिएको र निकै खराब अवस्था व्यहोरिरहेको वाणिज्य बैङ्क अहिले निकै व्यावसायिक र प्रतिस्पर्धी बनेको गभर्नर अधिकारीले बताए । पछिल्लो समय अर्थतन्त्रमा सुधार हुँदै गएको बताउँदै उनले भने, "अर्थतन्त्रमा निकै राम्रो अवस्था हुँदै गएको छ । बाह्य क्षेत्रमा सुधार छ । बैङ्क तथा वित्तीय संस्थामा पनि कर्जा असुलीमा केही समस्या बाहेक अरु ठूला कुनै समस्या छैनन् ।"बैङ्क वित्तीय क्षेत्रको वित्तीय स्वास्थ्यमा समस्या आउन नदिन नियामक निकाय नेपाल राष्ट्र बैङ्कले विभिन्न किसिमका 'प्रोभिजनिङ' को व्यवस्था ल्याउँदा उनीहरुको नाफा केही घटेको देखिएपनि समग्रमा यसले सकारात्मक प्रभाव नै देखाएको उनले बताए । "बैङ्क वित्तीय संस्थाको नाफा केही घटेको जस्तो देखिन्छ । घट्नुको कारण प्रोभिजनिङ हो । असल कर्जा दिँदा पनि अनिवार्य प्रोभिजनिङ गर्नैपर्छ । दिगो र सुरक्षित बैंकिङका लागि राष्ट्र बैङ्कले यस्तो व्यवस्था गरेको हो", गभर्नर अधिकारीले भने । पछिल्लो समय मुलुकको समग्र आर्थिक स्थिति शिथिल हुँदा कर्जा असुलीमा केही समस्या देखिएको गभर्नर अधिकारीले बताए ।

बैङ्क वित्तीय संस्थालाई अप्ठेरोमा पर्न नदिन राष्ट्र बैङ्कले नीतिहरुमा सहजीकरण गरिरहेको उहाँले बताउनुभयो । "नीतिगत दर घटाइएको छ । तरलताको अवस्था निकै राम्रो छ । लगानी गर्नसक्ने अवस्था रहेको छ । बाह्यक्षेत्रतर्फ हामीसँग विदेशी मुद्रा सञ्चितीको अवस्था राम्रो छ । कर्जाको माग क्रमशः बढ्दै जानेछ भन्ने अपेक्षा हामीले गरेका छौँ", उनले भने, "अहिले नै वाणिज्य बैङ्कले दश दशमलव पाँच प्रतिशत ब्याजदरमा कर्जा उपलब्ध गराउनुपर्ने अवस्था आइसकेको छ । अब अधिकांश वाणिज्य बैङ्कले एकल अङ्कको ब्याजदरमा कर्जा उपलब्ध गराउनुपर्ने अवस्था आउँदैछ । यसकारण कर्जाको माग पनि बढ्नेछ भन्ने अपेक्षा हाम्रो छ ।"पूर्वगभर्नर डा तिलक रावलले पछिल्लो समय बैङ्क तथा वित्तीय संस्थाहरुको वित्तीय स्वास्थ्य खराब देखिँदै गएको बताए । "अहिले वित्तीय क्षेत्रलाई हेर्दा त्यति सुखद स्थिति म देख्दिन । बैङ्क तथा वित्तीय संस्थाको मुनाफा घट्दो छ । प्रतिशेयर आम्दानी घटिरहेको छ भने खराब कर्जा बढिरहेको छ । उनीहरुलाई वार्षिक साधारणसभा गरेर आफ्नो वित्तीय स्वास्थ्यको अवस्था बारे जानकारी दिन पनि अप्ठेरो भइरहेको छ" उनले भने । राष्ट्रिय वाणिज्य बैङ्कका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठले बैङ्कको व्यनवसायिकता र कार्यशैलीमा निकै सुधार भएको बताए । आगामी दिनमा प्राथमिकताका क्षेत्रमा लगानी गरेर थप प्रतिस्पर्धी बैङ्कका रुपमा वाणिज्य बैकलाई स्थापित गर्ने प्रतिबद्धता व्यक्त गरे ।

सरकारी स्वामित्वको राष्ट्रिय वाणिज्य बैङ्क लिमिटेड आजबाट आफ्नो स्थापनाको ५८ वर्ष पूरा गरी ५९ औँ वर्षमा प्रवेश गरेको छ । २०८० असार मसान्तसम्ममा बैङ्कको अधिकृत शेयर पुँजी रु ३० अर्ब, जारी र चुक्ता शेयर पुँजी रु १५ अर्ब ६३ करोड ७३ लाख ७७ हजार ५५ रहेको छ । बैङ्कको विद्यमान पुँजी संरचनाअनुसार नेपाल सरकारको ९९ दशमलव ९७ प्रतिशत र सर्वसाधारणको शून्य दशमलव ०३ प्रतिशत शेयर रहेको छ । बैङ्कको पुँजी कोष रु ५० अर्ब ७४ करोड रहेको छ । गत असार मसान्तसम्ममा बैङ्कको निश्क्रिय कर्जा अनुपात तीन दशमलव ७७ प्रतिशत छ ।

गत पुस मसान्तसम्ममा बैङ्कमा सर्वसाधारण र संस्थागत गरी ४१ लाख ४० हजारभन्दा बढी निक्षेपकर्ताको रु तीन खर्ब ३८ अर्ब ४४ करोड निक्षेप रहेको छ । कर्जातर्फ एक लाख ९४ हजार भन्दा बढी ग्राहकलाई रु दुई खर्ब ५६ अर्ब ७० करोड बराबर ऋण विस्तार भएको बैङ्कले जनाएको छ ।राष्ट्रिय वाणिज्य बैङ्कले आर्थिक वर्ष २०६०/६१ देखि निरन्तर मुनाफा आर्जन गरिरहेको छ । गत आर्थिक वर्ष २०७९/८० मा बैङ्कले रु तीन अर्ब ५९ करोड खुद मुनाफा कमाएको थियो । गतवर्ष बढी खुद मुनाफा आर्जन गर्ने बैङ्कको सूचीमा राष्ट्रिय वाणिज्य बैङ्क दोस्रो स्थानमा छ । गतवर्षमा आर्जित मुनाफाबाट बैङ्कले पाँच दशमलव ५० प्रतिशत नगद लाभांश वितरण गरेको थियो ।

# सूचना प्रविधिको विकासका लागि पुनःसंरचना आवश्यक : संचार मन्त्री

टुडे समाचारदाता

काठमाण्डु । सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले मुलुकका हरेक क्षेत्रमा सूचना र प्रविधिको विकास लागि संस्थागत र जनशक्तिको पुनःसंरचना आवश्यक रहेको बताएकी छन् । आगामी १६औँ पञ्चवर्षीय योजनामा समेटिनुपर्ने मन्त्रालय र मातहतका निकायका लक्षित कार्यक्रमबारे बुधबार मन्त्रालयमा भएको छलफलमा उहाँले डिजिटल नेपाल फ्रेमवर्क कार्यान्वयनका लागि पनि दक्षजनशक्ति र चुस्त निकाय बनाउन उक्त पुनःसंरचना आवश्यक रहेकामा जोड दिईन् ।



मन्त्री शर्माले मन्त्रालयलमातहतका निकायको संस्थागत र सञ्चारमाध्यममा रहेका जनशक्तिको पुनःसंरचना गरी क्षमता अभिवृद्धिमा लाग्न सबैलाई आग्रह गरिन् । साथै उनले आजको युगमा सूचना र प्रविधि हरेक क्षेत्रको उदाउँदो र अपरिहार्य विषय भएकाले सूचना प्रविधि प्राधिकरण वा यस्तै अन्य संस्थागत संरचनाको आवश्यकता औंल्याईन् ।

मन्त्री शर्माले मन्त्रालय एक्लैले मात्र काम गरेर सफलता हासिल नहुने भन्दै मातहतका निकायका नेतृत्वले पनि उत्साहका साथ काम गर्नुपर्ने बताईन् ।

कार्यक्रममा मन्त्रालयलका सचिव रामकृष्ण सुवेदीले सोह्रौँ योजना आगामी पाँच वर्षसम्म मुलुक रुपान्तरणका लागि मार्गनिर्देशन भएकाले सोहीअनुसार कुनै पनि विषय नछुटने गरी समावेश गर्नका लागि लाग्न मातहतका निकायलाई निर्देशन दिए । साथै उनले योजनामा लक्षित कार्यक्रम समावेश गर्ने सन्दर्भमा मातहतका निकायलाई मन्त्रालयले समाधानका लागि गर्नुपर्ने आवश्यक सहयोग रहने प्रतिबद्धता व्यक्त गरे । कार्यक्रममा मन्त्रालयका उच्च कर्मचारीका साथै मातहतका निकायका प्रमुख र पदाधिकारीको सहभागिता थियो ।

# खानद्वारा इस्लामाबाद उच्च अदालतमा पुनरावेदन

एएफपी

इस्लामावाद । पाकिस्तानका पूर्वप्रधानमन्त्री इमरान खानले तोशाखाना र अल कादिर ट्रस्ट प्रकरणमा जमानतका लागि इस्लामाबाद उच्च अदालतमा निवेदन दिनुभएको छ।

पाकिस्तान तेहरीक-ए-इन्साफ (पीटीआई) का संस्थापक नेता समेत रहेका खानले आफ्ना वकिलमार्फत जवाफदेहीताबारे अदालतको फैसलाविरुद्ध दुई छुट्टाछुट्टै याचिका दायर गर्नुभएको छ।

याचिकामा खानले इस्लामाबाद उच्च न्यायालयमा जवाफदेहीतासम्बन्धी तल्लो अदालतको निर्णयलाई खारेज गर्न र आफुलाई जमानत दिन अनुरोध गर्नुभएको छ। एआरवाई न्यूजका अनुसार दुवै मुद्दामा पीटीआईका संस्थापक खानले आफूमाथि लागेका अभियोग राजनीतिक पूर्वाग्रहबाट प्रेरित रहेको दावी गर्दै आफूलाई गिरफ्तारी नगरी जमानतमा छोड्न गरेको याचिकापछि अदालतले जमानत अस्वीकार गरेको थियो ।नेता खानले आफूमाथि लगाइएका



मुद्दा 'राजनीतिक उत्पीडन' र 'दुर्भावनापूर्ण मनसाय'मा आधारित रहेको बताउनुभएको छ। यसअघि जनवरी ९ मा इस्लामाबादस्थित एक अदालतले खानको तोशाखाना र १९ करोड पाउन्डको अल-कादिर ट्रस्ट मुद्दामा उहाँको जमानत आवेदन खारेज गरेको थियो।

तोशाखाना र १९ करोड पाउन्ड घोटाला प्रकरणको सुनुवाइ गर्दै न्यायाधीश मोहम्मद बशीरले अपदस्थ प्रधानमन्त्रीले दायर गरेको याचिकामा फैसला सुनाएको एआरवाई न्यूजले जनाएको छ ।पाकिस्तानको लाहोर उच्च अदालतले मे ९ मा भएको प्रदर्शनसँग सम्बन्धित सात वटा मुद्दामा पूर्वप्रधानमन्त्री खानलाई जमानत दिइएको पाकिस्तानस्थित जियो न्यूजले जनाएको छ । सन् २०२३ को मे ९ मा इमरान खानलाई पक्राउ गरेपछि पाकिस्तानभर विरोध प्रदर्शन भएको थियो । खानको गिरफ्तारीपछि पीटीआईका कार्यकर्ताहरू आक्रोशित भई देशका प्रमुख शहर तथा दुर्गम ग्रामिण भेकमाहरूमा विरोध प्रदर्शन गरिएको थियो ।लाहोरस्थित सैन्य कमान्डरको घरलगायत सेनाका प्रतिष्ठानमा पनि पीटीआईका कार्यकर्ताले गरेको प्रदर्शनका क्रममा आक्रमण भएको थियो।

इमरान खान र पीटीआईका शीर्ष नेताहरूले फेब्रुअरी ८ मा हुने चुनाव नजिकिँदै गर्दा पनि विभिन्न मुद्दाहरूको सामना गरिरहेका छन्। पीटीआईले आफ्नो चुनाव चिन्ह 'ब्याट' र अन्तरपार्टी निर्वाचनको वैधानिकता फिर्ता पाउन दिएको निवेदनको विपक्षमा अदालतले फैसला गरेको थियो। जिओ न्यूजका अनुसार पीटीआईले कठिन चुनौतीको सामना गरिरहेका बेला यसका प्रमुख प्रतिद्वन्द्वी पाकिस्तान पिपुल्स पार्टी (पीपीपी) र पाकिस्तान मुस्लिम लिग-नवाज (पीएमएल-एन) ले देशभर अभियान सुरु गरिसकेका छन् र राष्ट्रिय र प्रान्तीय निर्वाचन क्षेत्रका लागि टिकट वितरण गरिसकेका छन्।

# प्रम कप क्रिकेटमा मधेश पुलिससंग पराजित

टुडे समाचारदाता

काठमाण्डु । राजधानीमा जारी प्रधानमन्त्री कप राष्ट्रिय क्रिकेट प्रतियोगितामा नेपाल पुलिस क्लबले मधेश प्रदेशलाई पराजित गर्दै प्रतियोगितामा पाँचौं जित दर्ता गराएको छ।

मूलपानी क्रिकेट मैदानमा बुधबार भएको खेलमा पुलिसले मधेशमाथि ६ विकेटको जित निकाल्दै प्रतियोगितामा पाँचौं जित दर्ता गराएको हो। पुलिसले ५ खेलमा १० अङ्क जोड्दै अङ्क तालिको शीर्ष स्थानमा यथावत् छ। यता मधेशले ७ खेलमा ८ अङ्क जोडेको छ। मधेश अङ्क तालिकाको तेस्रो स्थानमा छ।

मधेशले प्रस्तुत गरेको ९७ रनको समान्य लक्ष्य पुलिसले १८ दशमलव ३ ओभरमा ४ विकेट गुमाउँदै पूरा गर्‍यो। पुलिसका



लागि सुनिल धमलाले सर्वाधिक २८ रनको योगदान दिए। त्यस्तै कुशल भुर्तेलले १९, आरिफ शेखले अविजित १६ र अमृत श्रेष्ठले अविजित १५ रन बनाए। मधेशका लागि रञ्जीत कुमार र अर्निको यादवले समान दुई/दुई विकेट लिए ।त्यसअघि टस हारेर पहिला ब्याटिङको निम्तो पाएको मधेशले २४ ओभरमा सबै विकेट गुमाउँदै ९६ रनको योगफल बनाएको थियो । मधेशका लागि अर्निको यादवले २३, कप्तान हरिशङ्कर शाहले २२ र अभिशेक तिवारीले अविजित ११ रन बनाए। पुलिसका लागि सागर ढकालले पाँच विकेट लिए भने ललितनारायण राजवंशीले चार विकेट झारे। त्यस्तै राशिद खानले एक विकेट लिए।

# संयुक्त राष्ट्रसङ्घद्वारा भारतको प्रशंसा

एएनआई

काबुल। अफगानिस्तानलाई सलह नियन्त्रणको लागि ४० हजार लिटर मालाथिन सहयोग गरेकोमा संयुक्त राष्ट्र सङ्घको खाद्य तथा कृषि सङ्गठन (एफएओ) ले भारतलाई धन्यवाद दिएको छ।

अफगानिस्तानमा सलहविरुद्धको सङ्घर्षमा आफुहरूसँग सहयोगी बनेको बताउँदै अफगानिस्तानमा संयुक्त राष्ट्र सङ्घको खाद्य तथा कृषि सङ्गठनले सामाजिक सञ्जाल एक्स (ट्वीटर) मार्फत् भारतको प्रशंसा गरेको हो। चालीस हजार लिटर मालाथिन कीटनाशक आपूर्ति गरि आधिकारिक रूपमा तालिबान नियन्त्रित अफगानिस्तान सरकारको कृषि, सिँचाइ र पशुधन मन्त्रालयलाई हस्तान्तरण गरिएको स्रोतले जनाएको छ।

सुक्खा क्षेत्रहरूमा यसको प्रभावकारिता र न्यूनतम पानीको प्रयोगका लागि परिचित मालाथियनलाई सलह नियन्त्रणमा




महत्वपूर्ण उपकरण मानिन्छ । यस सहायताले अफगानिस्तानमा तत्कालको खतरालाई सम्बोधन मात्र नगरी छिमेकी मध्य एसियाली देशहरूमा सलह फैलावट रोक्न पनि काम गर्नेछ।

यसअघि तालिबान नियन्त्रित कृषि मन्त्रालयले पनि चाबहार बन्दरगाहमार्फत् गरिएको उक्त सहयोगका लागि कृतज्ञता व्यक्त गरेको थियो ।उपलब्ध सहायताले अफगानिस्तानमा सलह रोक्नदेखि लिएर विशेष गरी ताजिकिस्तान, उज्बेकिस्तान र तुर्कमेनिस्तानजस्ता मध्य एसियाली देशहरूबाट आएको सलहको समस्यालाई पनि रोकी यस क्षेत्रका बाली उत्पादनमा प्रभावकारी भूमिका खेल्नेछ।

सलह वनस्पति-विनाश गर्ने क्षमताहरूका लागि परिचित मानिन्छन्। सलहको ठूलो मात्रामा उपस्थितिले सम्भावित रूपमा खाद्य सुरक्षालाई खतरामा पार्न सक्छ ।सन् २०२० को सुरुमा छिमेकी पाकिस्तानमा सलहको अत्यधिक खतराको कारण देशले राष्ट्रिय आपतकाल घोषणा गरेको थियो ।उक्त समयमा, भारतले पनि राजस्थान, गुजरात, पन्जाब, मध्य प्रदेश, उत्तर प्रदेश र महाराष्ट्रजस्ता धेरै राज्यहरूमा ठुलो मात्रामा सलहको आक्रमणको सामना गरेको थियो।

# जापानको व्यापार घाटा ६३ अर्ब डलर



सिन्ह्वा

टोकियो। जापानको व्यापार घाटा सन् २०२३ मा आधाभन्दा बढीले घटेर अघिल्लो वर्षको तुलनामा ९.२९ ट्रिलियन येन अर्थात् करिब ६३ अर्ब अमेरिकी डलर मा झरेको सरकारी तथ्याङ्कले देखाएको छ।

कूल निर्यात २.८ प्रतिशतले वृद्धि भई पहिलो पटक १००.८९ ट्रिलियन येनभन्दा बढी पुगेको छ । निर्यात वृद्धि सन् १९७९ देखि रेकर्ड राख्न थालिएपछिको सबैभन्दा उच्च स्तर हो। कार वा चार पाङ्ग्रे अल्का साधनको निर्यात ३२.७ प्रतिशतले बढेको छ भने निर्माण तथा खानी मेसिनरीको निर्यात १६.२ प्रतिशतले बढेको छ ।यसैबीच, तेल र ग्यासको मूल्यमा आएको कमीका कारण आयात ७.० प्रतिशतले घटेर ११०.१८ ट्रिलियन येनमा झरेको छ।

बढ्दो आयात लागत र कमजोर येनको मारमा परेको जापानलाई बलियो निर्यात वृद्धिले आफ्नो व्यापार घाटा कम गर्न मद्दत गरेको छ । लगातार तेस्रो वर्षसम्म व्यापार घाटा भएको क्योदो न्यूजले जनाएको छ ।डिसेम्बरमा मात्रै निर्यात अघिल्लो वर्षको तुलनामा ९.८ प्रतिशतले बढेको छ भने आयात ६.८ प्रतिशतले घटेको छ। यसको कारण मासिक व्यापार अधिशेष ६२.१ अर्ब येन पुगेको छ।

# एसियाडमा नेपालको स्वर्ण जित्ने लक्ष्य

टुडे समाचारदाता

काठमाण्डु । राष्ट्रिय खेलकुद परिषद् (राखेप) सन् २०१६ मा जापानको आइची नागोयामा हुने २० औं एसियाली खेलकुद (एसियाड) लाई मध्यनजर गर्दै मिसन एसियाड २०२६ सुरु गर्ने भएको छ ।२० औं एसियाडमा नेपालको सहभागितालाई विग भन्दा प्रभावकारी बनाउने उद्देश्यसहित पहिलो चरणमा ५ खेलको प्रशिक्षण यही माघ १५ गतेदेखि सुरु गर्ने राष्ट्रिय खेलकुद परिषद्का सदस्य-सचिव टंकलाल घिसिङले बताए।

पहिलो चरणमा राखेपलले कराते तेक्वान्दो बक्सिङ जुडो र उसुको प्रशिक्षक सुरु गर्नेछ। 'आगामी एसियाली खेलकुदका लागि पहिलो चरणमा कराते, तेक्वान्दो, बक्सिङ, जुडो र उसुको प्रशिक्षण सुरु गर्छौं । यसो भनिरहँदा अरु खेललाई नजरअन्दाज गर्न पक्कै खोजिएको होइन। बाँकीको पनि क्रमैसँग तयारी थाल्नेछौं,' घिसिङ्ले भने ।सदस्य सचिव घिसिङले विभिन्न राष्ट्रिय खेल संघका पदाधिकार ीसँगको छलफलपछि पाँच खेलको तयारी प्रशिक्षण सुरु गर्ने र बाँकी खेलको पनि क्रमैसँग तयारी थाल्ने बताएका हुन्।

यसअघि नेपालले सधैं ठूलो प्रतियोगितामा अन्तिम समयमा मात्रै तयारी गर्ने गरेको थियो। जसले गर्दा नेपालको नतिजा र खेलाडीको प्रदर्शन पनि सोचे जस्तो हुन सकेको थिएन ।असोजमा चीनको हान्झाउमा भएको १९औं एसियाडमा नेपालले करातेमा एक रजत र महिला कबड्डी टिमले कास्य जितेको थियो। नेपालले विभिन्न २९ खेलमा २५३ खेलाडी सहभागी गराएकोमा २ पदक मात्र जित्न सफल भएको थियो । जसमा करातेले एसियाडमा इतिहासमै पहिलो पटक रजत जित्दा महिला कबड्डी टिमले एसियाडको डेब्युमै कांस्य जितेको थियो।

विगतमा नेपाल मार्सल आर्ट्स खेलहरुमा बलियो रहेपनि पछिल्लो समय अन्य देशले यसमा प्रगति गर्दा नेपालको स्तर भने उस्तै रह्यो। नेपालको सफल खेलको रुपमा रहेको तेक्वान्दोले २००६ को दोहा एसियाडपछि एसियाडमा पदक जित्न सकेको छैन। यस्तै बक्सिङले सन् २०१० मा पछिल्लो कांस्य जितेको थियो ।करातेबाट भने नेपालले २०१४ मा कांस्य जितेको थियो भने अहिले १९औं एसियाडमा रजत जितेको थियो ।ठूला प्रतियोगितामा खेल्न जाँदा सहभागिता मात्र जनाउने वा पदक जित्ने लक्ष्य पनि राख्ने भन्ने विषयमै बहस हुनुपर्ने सवाल उठिरहेको बेला सदस्य सचिवले यो कमद चालेका हुन्।

उनले छोटो समयमको तयारीबाट ठूलो आशा गर्नभन्दा पनि लामो समय तयारी गर्दै स्वर्ण जित्ने लक्ष्य राख्ने बताए। उनले भने, 'विगतमा हुने छोटो अवधिको प्रशिक्षणको अन्त्य गर्न जरुरी छ। तयारी



छोटो गर्ने अनि खेलाडीबाट उत्कृष्ट नतिजा अपेक्षा गर्नु न्यानोचित होइन। २०औं एसियाली खेलकुदमा स्वर्णसहित दोहोरो अंकमा पदक जित्ने लक्ष्यसाथ तयारी अगाडि बढाउने योजनमा छौं।'नेपालले सात दशकभन्दा लामो एसियाड इतिहासमा अहिलेसम्म स्वर्ण जित्न सकेको छैन। नेपालले अहिलेसम्म तीन रजतसहित कुल २६ पदक जितेको छ ।सन् १९९८ मा तेक्वान्दोकी सबिता राजभण्डारी, २०१८ मा प्याराग्लाइडिङ टिम र २०२३ मा करातेकी एरिकाले रजत जितेका थिए।

सन् १९५१ मा भारतको नयाँ दिल्लीमा भएको पहिलो एसियाडदेखि नै भाग लिन थालेको नेपालले सन् १९८६ मा दक्षिण कोरियाको सोलमा भएको १०औं एसियाडमा पहिलो पटक पदक जितेको थियो । त्यो बेला नेपालले तेक्वान्दो र बक्सिङमा ४-४ पदक जितेको थियो । संख्याको हिसावले नेपालले एसियाडको एकै संस्करणमा जितेको त्यो सबैभ्नदा धेरै पदक हो ।पछिल्लो पटक सन् २०१० देखि २०१८ मा सम्म नेपालले हरेक एसियाडमा १-१ पदक जितेकोमा यस पटक १९औं मा त्यो संख्या बढाएर दुई पुऱ्याउन सफल भएको हो ।राखेप सदस्य सचिव घिसिङले विभिन्न संघका पदाधिकारीसँगको छलफद्यमा अब विद्यालय स्तरबाटै खेलकुदलाई अनिवार्य विषयको रुपमा समावेश गर्नुपर्नेमा पनि जोड दिए।

उनले कक्षा ४ देखि विद्यालयमा खेलकुदलाई अनिवार्य विषयका रुपमा समावेश गर्नु पर्ने, प्रतियोगिताका समयमा खेलाडीको परीक्षा जुध्दा वैकल्पिक उपायको खोजीका लागि सम्बन्धित निकायमा पहल गर्ने, प्रतियोगिता सञ्चालन गर्दा बिमा अनिवार्य गर्नु पर्ने विषयमा छलफल गरेका थिए। यस्तै राष्ट्रिय खेल संघले सञ्चालन गरेका र आगामी दिनमा सञ्चालन गर्ने विभिन्न गतिविधिलगायतका विषयमा कसरी प्रभावकारी बनाउन सकिन्छ भने संघहरुसँग छलफल भएको थियो।

# जापानकी राजकुमारी आइकोले विश्वविद्यालयको पढाइपछि रेडक्रसमा काम गर्ने

वीवीसी

काठमाण्डु । जापानका सम्राट् नारुहितोकी एक्ली सन्तान राजकुमारी आइकोले विश्वविद्यालयबाट स्नातक गरेपछि एप्रिल महिनादेखि जापानको रेडक्रस सोसाइटीमा काम सुरु गर्ने भएकी छन्।

नयाँ भूमिकाको विस्तृत विवरण प्रस्ट भइसकेको छैन तर काम गरेका बेला पनि उनले राजपरिवारको औपचारिक भूमिकाहरू भने निर्वाह गरिरहने बताइएको छ । यी २२ वर्षीया राजकुमारी उत्तराधिकारीको लाइनमा छैनन् किनभने जापानी कानुनले पुरुषलाई मात्रै राजगद्दीमा उत्तराधिकारको अनुमति दिन्छ।

जापानमा संसारकै धेरै वर्ष पुरानो वंश परम्परामा आधारित राजसंस्था छ। एउटा विज्ञप्तिमा राजकुमारी आइकोले रेडक्रसमा उनको "सदैव नै रुचि रहेको" बताएकी छन्। उनको रोजगारदाता रेडक्रसले "राजकुमारीले सजिलोसँग काम गरून् भनेर आफूले पूर्ण तयारी गर्ने" जनाएको छ।

जापानमा रेडक्रसको शाही परिवारसँग घनिष्ठ सम्बन्ध छ। पहिलेका साम्राज्ञीहरूले मानार्थ अध्यक्षका रूपमा काम गर्दै आएका छन्। गत अक्टोबरमा रेडक्रसले आयोजना गरेको सन् १९२३ मा टोक्यो भूकम्पपछिको राहत क्रियाकलापमाथिको एक प्रदर्शनीमा राजकुमारी आइकोले आफ्ना आमाबुबासँग रेडक्रसको भ्रमण गरेकी थिइन्।

पछिल्ला वर्षहरूमा उनले जापानमा प्राकृतिक विपदका पीडित र जीवित रहन सफल मानिसहरूप्रति सहानुभूति व्यक्त



गरेकी थिइन् । अहिले उनी गाकुशुइन विश्वविद्यालयमा द फ्याकल्टी अफ लेटर्स मा जापानी भाषा र साहित्यको पढाइको अन्तिम वर्षमा छिन् । राजकुमारीहरूलाई जापानको आम वृत्तमा निकै सम्मान दिइन्छ र कैयौँले उनको नयाँ भूमिकाको स्वागत गरेका छन्।

राजकुमारी आइकोकी आमा साम्राज्ञी मासाकोलाई 'करिअर महिला'का रूपमा चिनिन्छ । हार्वर्ड र अक्सफर्ड विश्वविद्यालय पढेकी साम्राज्ञी पूर्वकूटनीतिज्ञ हुन् र उनले धेरै भाषा जानेकी छन् । उनी सन् १९९३ मा जापानी सिंहासनका पहिलो दाबेदारसँग बिहे गर्ने दोस्रो सर्वसाधारण महिला बनेकी थिइन् ।उनीभन्दा अगाडि पूर्व साम्राज्ञी मिचिको पहिलो सर्वसाधारण महिला थिइन्।

तर बिहे भएपछि उनले के पुरुष उत्तराधिकारीलाई जन्म देलिन् त भन्ने अडकलबाजीहरूबारे बहस भएको थियो । जापानका युवराज नारुहितोकी एक्ली सन्तान राजकुमारी आइको सिंहासनमा बस्न पाउने छैनन् किनभने उनी महिला हुन्।

सन् २००१ मा राजकुमारीको जन्म हुँदा धेरै उत्सव मनाइएको थियो तर उत्तराधिकारको मुद्दा हल हुन सकेन। जापानी सरकारले त्यसबेलै महिलालाई सिंहासनमा चढाउन अनुमति दिने कानुन बदलिएला कि भन्नेबारे बहस सुरु गरेको थियो।

पाँच वर्षपछि सम्राट् नारुहितोका भाइले एक बालक जन्माए र तिनै राजकुमार हिसाहितोले उत्तराधिकारीको सङ्कट टारे। तर तत्कालीन युवराज्ञी मासाकोमाथि दबाब परेको प्रस्ट हुन्थ्यो किनभने उनी एक दशकभन्दा बढी समयदेखि सार्वजनिक कार्यक्रममा अनुपस्थित रहने गरेकी थिइन् । सन् २००४ मा त्यस बेलाका युवराज नारुहितोले पत्रकारहरूलाई असामान्य रूपमा कडा प्रतिक्रिया दिँदै उनकी पत्नीले महलको जीवन अपनाउने कोसिसमा आफैँलाई निकै थकाएकी बताएका थिए।

त्यस बेला दरबारले मासाको "एडजस्टमेन्ट डिसअर्डर"बाट पीडित भएको बतायो जसलाई व्यापक रूपमा मानसिक अवसादको सन्दर्भ ठानिएको थियो । हालका वर्षमा सिंहासनमाथिका पहिलो अधिकार राख्ने राजकुमार हिसाहितोका परिवारबारे जापानी टेबलोइडले असाध्यै धेरै समाचार छाप्ने गरेको छ।

उनकी दिदी पूर्वराजकुमारी माकोले आम नागरिक केइ कोमुर ोसँग बिहे गरेर शाही परिवार छोडिन् र अमेरिकामा बसिरहेकी छन्।

कोमुरो र उनकी आमाबीच एक कथित धन विवादको चर्चा पनि चलेको थियो। विवादमा आमा र छोराले उक्त ऋण चुकाउन विफल रहेको दाबी गरिएको सन्दर्भले उनीहरूको विवाहलाई खतरामा पारेको ठानिएको थियो । किनभने त्यो सन्दर्भले यो जोडीका बारेमा सार्वजनिक धारणा खराब बनेको थियो । कोमुरोले न्यूयोर्कमा बारको परीक्षा तेस्रो प्रयत्नमा उत्तीर्ण नगरेसम्म त्यसलाई जापानमा ब्रेकिङ न्यूजका रूपमा छापिएको थियो।

अकीशिनो परिवारबारेटेबलोइडलेसमाचारहरू छापिरहँदा स्थानीय मिडियामा अक्सर राजकुमारीहरूबारे तुलना हुने गरेको देखिन्छ । राजकुमारी आइकोसँग सन् २०२२ मा उनको काकाका छोरी माकोको सन् २०२२ को बिहेबारे सोधिएको थियो । जसबारे उनको जवाफ थियो: "मेरा लागि विवाह अहिले धेरै परको कुरा हो। मैले त्यसबारे सोचेकै छैन। मैले चाहने मान्छे कस्तो भन्नेबारे खासै विचार छैन तर साथसाथ मुस्काउन सक्ने (क्षमता) भएमा भने त्यो ठिक हुनेछ।"

# युक्रेन र गाजामा द्वन्द्व हुने थिएन : ट्रम्प

एएनआइ

न्यू ह्यामसायर। अमेरिकाका पूर्व राष्ट्रपति डोनाल्ड ट्रम्पले 'मेक अमेरिका ग्रेट अगेन' को नारालाई जोड दिँदै आफू दोस्रो पटक राष्ट्रपति भएको भए युक्रेन र गाजामा द्वन्द्व हुने थिएन भन्नुभएको छ।

अमेरिकी पूर्व राष्ट्रपतिले आफ्नो कार्यकालमा आफ्नो प्रशासनको नीतिका कारण इरान 'विभाजित' भएको तर गलत नीतिका कारण आज देशले युद्धका नाममा पैसा 'पम्पिङ' गरिरहेको बताउनुभयो।

न्यू ह्याम्पसायरको लण्डनडेरी सिटीमा पत्रकारहरूसँग कुरा गर्दै उहाँले भन्नुभयो, "यदि उनीहरू (अमेरिकी मतदाताहरू) एउटा महान् देश चाहन्छन् भने उनीहरूले 'अमेरिकालाई फेरि महान बनाउने' हो भने रिपब्लिकन पार्टीको 'मेक अमेरिका ग्रेट अगेन' अभियानमा सहभागी हुनुपर्छ। यसैको पक्षमा मतदान गर्नुपर्छ।"



रिपब्लिकन पार्टी अमेरिकालाई महान् बनाउने अभियानमा लागिरहेको उहाँको दावी थियो।

पूर्व राष्ट्रपति ट्रम्पले आफू सत्तामा हुँदा सबै कुरा 'सहज र राम्रोसँग' चलिरहेको भए पनि आज पूरै विश्व 'हिंसा' को त्रासमा रहेको बताउनुभयो । उहाँले भन्नुभयो, "हामीले ती मुलुकसँगका समस्यालाई राम्रो तरिकाले सम्वोधन गरेका थियौं।

हामीसँग कुनै युद्ध थिएन। रूसले युक्रेनमाथि कहिल्यै आक्रमण गर्ने थिएन र इज्राएलमाथि पनि आक्रमण हुने थिएन।

ट्रम्पले थप्नुभयो, "इरान टुक्रियो, तपाईलाई थाहा छ उनीहरुसँग पैसा किन थिएन ? किनभने मैले अन्य देशहरूलाई भनें, जबसम्म हामी सम्झौता गर्दैनौं तबसम्म तपाईं उनीहरूसँग व्यवहार गर्न सक्नुहुन्न।"

अहिले इरानले चारैतिर पैसा फैलाइरहेको छ। हामी फेरि मध्यपूर्वमा बम बारी गर्दैछौं, र यसको कुनै असर छैन।"

# दुई दशकदेखि निरन्तर नाफा कमाउँदै राष्ट्रिय वाणिज्य बैंक

टुडे समाचारदाता

काठमाण्डु । सरकारी स्वामित्वको राष्ट्रिय वाणिज्य बैंक लिमिटेड स्थापनाको ५८ वर्ष पूरा गरी ५९औँ वर्षमा प्रवेश गरेको छ। नेपाल सरकारको पूर्ण स्वामित्वमा विसं २०२२ माघ १० गते स्थापना भएको बैंकले व्यावसायिक कुसलतासहित निजी क्षेत्रका बैंकसँग प्रतिस्पर्धा गरिरहेको छ।

विसं २०८० असार मसान्तसम्ममा बैंकको अधिकृत शेयर पुँजी रू ३० अर्ब, जारी र चुक्ता शेयर पुँजी रू १५ अर्ब ६३ करोड ७३ लाख ७७ हजार ५५ रहेको छ।

बैंकको विद्यमान पुँजी संरचनाअनुसार सरकारको ९९ दशमलव ९७ प्रतिशत र सर्वसाधारणको शून्य दशमलव ०३ प्रतिशत शेयर रहेको छ । बैंकको पुँजी कोष रू ५० अर्ब ७४ करोड रहेको छ।



गत असार मसान्तसम्ममा बैंकको निष्क्रिय कर्जा अनुपात तीन दशमलव ७७ प्रतिशत छ । गत पुस मसान्तसम्ममा बैंकमा सर्वसाधारण र संस्थागत गरी ४१ लाख ४० हजारभन्दा बढी निक्षेपकर्ताको रू तीन खर्ब ३८ अर्ब ४४ करोड निक्षेप रहेको छ । कर्जातर्फ एक लाख ९४ हजारभन्दा बढी ग्राहकलाई रु रू दुई खर्ब ५६ अर्ब ७० करोड बराबर ऋण विस्तार भएको बैंकले जनाएको छ।

राष्ट्रिय वाणिज्य बैंकले आर्थिक वर्ष २०६०/६१ देखि निरन्तर मुनाफा आर्जन गरिरहेको छ। गत आर्थिक वर्ष २०७९/८० मा बैंकले रू तीन अर्ब ५९ करोड खुद मुनाफा कमाएको थियो । गतवर्ष बढी खुद मुनाफाआर्जन गर्ने बैंकको सूचीमा राष्ट्रिय वाणिज्य बैंक दोस्रो स्थानमा छ। गतवर्षमा आर्जित मुनाफाबाट बैंकले पाँच दशमलव ५० प्रतिशत नगद लाभांश वितरण गरेको थियो ।

नेपालको कूल सरकारी कारोबारको आधाभन्दा बढी हिस्सा यस बैंकबाट हुने गरेको दाबी बैंकको छ । सङ्घीय सरकारका कूल ८१ कोष तथा लेखा नियन्त्रक कार्यालयमध्ये ५० वटा, प्रदेश सरकारका ७७ मध्ये ५१ र एक सय २८ स्थानीय तहको सम्पूर्ण खर्च भुक्तानी तथा सरकारी कारोबार राष्ट्रिय वाणिज्य बैंकबाट भइरहेको छ।

सरकारको राजस्व सङ्कलन प्रयोजनका लागि बैंकले विभिन्न ठाउँमा शाखा तथा काउन्टरसमेत विस्तार गरेको छ । सरकारका निजामती, सेना, प्रहरी, शिक्षकलगायतका सेवाबाट निवृत एक लाख ६० हजार भन्दा बढी व्यक्तिको निवृत्तिभरण भुक्तानी पनि राष्ट्रिय वाणिज्य बैंकबाट भइरहेको छ।

त्यस्तै, सरकारबाट वितरण गरिने सामाजिक सुरक्षा भत्ताको अधिकांश कारोबार यसै बैंकबाट हुने गरेको छ।

बैंकले गत आर्थिक वर्ष सरकारलाई रू दुई अर्ब १८ करोड आयकर तिरेको थियो । बैंकको शाखा सञ्जाल ७७ वटै जिल्ला सदरमुकामसहित दुई सय ८६ शाखा कार्यालय, ६४ एक्सटेन्सन काउन्टर तथा ९५ वटा शाखारहित बैंकिङ एकाईमार्फत् सेवा दिइरहेको छ। व्यावसायिक सम्भाव्यताका आधारमा शाखा विस्तार गर्ने नीतिअनुरुप चालु आवभित्रमा शाखा सत्र्या तीन सय २० पुऱ्याउने लक्ष्य बैंकले लिएको छ।


बैंकले आफ्नो संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत विभिन्न कार्यक्रमका लागि सहयोग गर्दै आएको छ । दैवी तथा प्राकृतिक प्रकोप पीडितलाई आर्थिक सहायता, वित्तीय साक्षरता कार्यक्रम, शैक्षिकस्तर वृद्धिका लागि शैक्षिक सामग्री वितरण, विभिन्न धार्मिक तथा सांस्कृतिक सम्वर्द्धन क्षेत्रमा पनि बैंकले सहयोग गरिहेको छ।

# दुई हजार दुई सय हेक्टरमा सुन्तला बगैँचा

टुडे समाचारदाता

वालिङ । स्याङ्जामा दुई हजार दुई सय हेक्टर क्षेत्रफलमा सुन्तला खेती गरिँदै आएको छ। जिल्लाका एघार स्थानीय तहमध्ये नौ स्थानीय तहमा व्यावसायिक सुन्तला खेती हुँदै आएको छ।

चापाकोट नगरपालिका र कालीगण्डकी गाउँपालिकाबाहेक अन्य स्थानीय तहमा व्यावसायिकरुपमा सुन्तला खेती गरिएको छ । जिल्लामा प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यान्वयन इकाइअन्तर्गत सुन्तला सुपरजोन सञ्चालनमा रहेको छ।



सुपरजोन सञ्चालनमा आएसँगै जिल्लाका विभिन्न स्थानीय तहमा सुन्तला बगैँचा फैलिँदै गएको सुन्तला सुपरजोन परियोजनाका वरिष्ठ कृषि अधिकृत माधवप्रसाद लम्सालले जानकारी दिए। उनका अनुसार सबैभन्दा बढी पुतलीबजार नगरपालिकामा सुन्तला उत्पादन हुने गरेको छ। यहाँ आठ सय ५० हेक्टर क्षेत्रफलमा सुन्तला बगैँचा फैलिएको लम्सालले जानकारी दिए।

उनका अनुसार भिरकोटमा तीन सय ५०, वालिङमा दुई सय ४० र गल्याङ नगरपालिकामा एक सय ३० हेक्टर तथा अर्जुनचौपारी गाउँपालिकामा दुई सय ७०, बिरुवामा एक सय ५५, आँधीखोलामा एक सय २५, हरिनासमा ४५ हेक्टर र फेदीखोला गाउँपालिकामा ३५ हेक्टर क्षेत्रफलमा सुन्तला बगैँचा रहेको छ।

जिल्लाका विभिन्न स्थानीय तहमा फैलिएको दुई हजार दुई सय हेक्टर क्षेत्रफलमध्ये उत्पादनशील बगैँचाको क्षेत्रफल ६० प्रतिशत अर्थात् एक हजार तीन सय २० हेक्टर क्षेत्रफल रहेको परियोजनाका वरिष्ठ कृषि अधिकृत लम्सालले जानकारी दिए । "हाल सुन्तला बगैँचा रहेको क्षेत्रफलमध्ये एक हजार तीन सय २० अर्थात् ६० प्रतिशत क्षेत्रफलमा मात्रै सुन्तला उत्पादन हुँदै आएको छ", उनले भने, "६० प्रतिशतले उत्पादन दिँदा ४० प्रतिशत अर्थात् आठ सय ८० हेक्टर क्षेत्रफलमा सुन्तलाका बेर्ना मात्रै छन्।"

स्याङ्जामा चालु आर्थिक वर्षमा प्रतिहेक्टरमा १४ दशमल ४६ मेट्रिक टन सुन्तला उत्पादन भएको हो । यस आवमा स्याङ्जामा १९ हजार ८७ दशमलव २ मेट्रिक टन सुन्तला उत्पादन भएको लम्सालले जानकारी दिए । "यहाँ उत्पादन भएकोमध्ये ९० प्रतिशत अर्थात् १७ हजार एक सय ७८ दशमलव ४८ मेट्रिक टन सुन्तला बिक्रीयोग्य छ", उनले भने, "बाँकी रहेको १० प्रतिशत अर्थात् एक हजार नौ सय आठ दशमलव ७२ मेट्रिक टन आन्तरिक खपत हुने गरेको छ।"


एघार वर्षदेखि १५ वर्षे बोटको औसत उत्पादन धेरै रहेको भन्दै त्यस्ता बोटबाट प्रतिबोट औसतमा ७९ दशमलव छ केजी सुन्तला फल्ने गरेको कृषि अधिकृत लम्सालले जानकारी दिए । पाँचदेखि १० वर्षको बोटबाट प्रतिबोट २० केजी, १६ वर्षभन्दा माथिका बोटबाट प्रतिबोट ४५ केजी सुन्तला फल्ने उनले बताए।

# बजेट अभावमा खानेपानीका योजना अलपत्र

टुडे समाचारदाता

गोदावरी । बजेट अभावका कारण कैलालीमा सञ्चालित खानेपानीका योजना वर्षौंदेखि अलपत्र परेका छन् । विसं २०६४/ ०६५ देखि कैलालीमा सुरु गरेका दुई दर्जन बढी खानेपानीका योजना बजेट अभावका कारण अलपत्र परेका खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय धनगढीले जनाएको छ । कार्यालयका अनुसार सङ्घीय सरकारले योजना सम्पन्न गर्न आवश्यक बजेट विनियोजन नगर्दा योजना अलपत्र परेका हुन् ।

कैलालीमा सञ्चालित कतिपय योजना भौतिक संरचना तयार भए पनि आवश्यक बजेट विनियोजन नहुँदा पाइप बिछ्याउन सकिएको छैन । बजेट अभावमा पाइप लाइन बिछ्याउन नसक्दा भौतिक संरचना तयार भएका योजना पनि सञ्चालनमा आउन नसकेको जनाइएको छ ।सरकारले योजना सम्पन्न गर्न आवश्यक बजेट विनियोजन नगर्दा २०६४ सालदेखिका दुई दर्जन बढी योजना अलपत्र परेको खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय कैलालीका निमित्त प्रमुख गणेशप्रसाद उपाध्यायले बताउनुभयो । उहाँका अनुसार रु १० करोडका योजनामा वार्षिक रु दुई-चार लाख बजेट विनियोजन हुँदै आएकाले विनियोजन हुने बजेटको अनुपातमा योजना सम्पन्न गर्न अझै वर्षौं लाग्ने देखिएको छ।




सो कार्यालयको तथ्याङ्कानुसार कैलालीको टीकापुर, गौरीगङ्गा, लम्कीचुहा नगरपालिका, धनगढी उपमहानगरपालिका, जानकी, जोशीपुर, कैलारी र बर्दगोरिया गाउँपालिकामा सञ्चालित खानेपानीका योजना १५ वर्षदेखि सम्पन्न हुनसकेका छैनन् । दशदेखि १५ हजार जनसंख्या लाभान्वित हुने योजना सम्पन्न गर्न रु तीन देखि छ करोड बजेट आवश्यक देखिएकामा न्यून बजेट विनियोजन हुने गरेको निमित्त प्रमुख उपाध्यायले बताए।

डिपबोरिङ, ओभरहेड, कम्पाउन्डवाल र अफिसघरलगायत भौतिक संरचना तयार भइसकेका योजनामा पाइप बिछ्याउन बजेट नपुगेर खानेपानी सञ्चालनमा ल्याउन नसकिएको जनाइएको छ। निमित्त प्रमुख उपाध्यायले भने, "बजेट अभावका कारण योजना सम्पन्न गर्न नसक्दा कतिपय तयार भएका योजनाका संरचना जीर्ण हुँदै जान थालेका छन् ।"

बजेट अभावले कार्यान्वयनमा भएको योजनाको बर्सेनि लागतसमेत वृद्धि हुँदै गएको जनाइएको छ। योजना धेरै बाँडेर बजेट कम विनियोजन हुँदा योजना सम्पन्न गर्ने समयावधि लम्बिँदै गएको निमित्त कार्यालय प्रमुख उपाध्यायको भनाइ छ । सङ्घीय सरकारले कार्यान्वयन र रेखदेखका लागि प्रदेश सरकारलाई हस्तान्तरण गरेका खानेपानी योजनामा सङ्घीय सरकारले बजेट हाल्ने र प्रदेश सरकारले कार्यान्वयन गर्दै आएको छ।

न्यून बजेट विनियोजनले निर्माण भइरहेका योजना सम्पन्न गर्न अझै धेरै वर्ष लाग्ने उल्लेख गर्दै निमित्त डिभिजन प्रमुख उपाध्यायले आधारभूत खानेपानी सबै नागरिकलाई समयमै पुर्याउन बजेट बढाउनुपर्ने बताए। एक तथ्याङ्कानुसार अझै पनि सुदूरपश्चिम प्रदेशका १२ प्रतिशत नागरिकलाई आधार भूत खानेपानीको सुविधा पुगेको छैन। छब्बीस लाख बढी जनसंख्या रहेको सुदूरपश्चिमका ९२ प्रतिशत नागरिकको मात्रै आधारभूत सरसफाइ र चर्पीमा पहुँच पुगेको तथ्याङ्कले देखाएको जनाइएको छ।

# 'फ्युजमेसिन्स' 'नास्डक'मा सूचीकृत



टुडे समाचारदाता

वाशिङ्गटन डिसी । नेपाली उद्यमी डा समीर मास्केले स्थापना गरेको कम्पनी 'फ्युजमेसिन्स' अमेरिकाको प्रतिष्ठित स्टक एक्सचेञ्ज 'नास्डक'मा सूचीकृत हुने भएको छ । आर्टिफिसियल इन्टेलिजेन्स (एआई)सँग सम्बन्धित काम गर्दै आएको कम्पनी फ्युजमेसिन्स र सिएसएलएम एक्विजिसन कर्पबीच नास्डकमा सूचीकृत हुने गरी मर्जर सम्झौता भएको कम्पनीको भनाइ छ। मर्जरपछि कम्पनीको दुई सय मिलियन डलर बराबरको हुने अपेक्षा गरिएको छ।

कम्पनीका संस्थापकसमेत रहनुभएका प्रमुख कार्यकारी अधिकृत डा मास्केका अनुसार उक्त कम्पनीसँगको सहकार्यपछि कम्पनी 'फ्युज' नामबाट नास्डाकमा सूचीकृत हुनेछ। यो प्रक्रिया सन् २०२४ को दोस्रो त्रैमाससम्म पूरा हुनेछ । हाल उक्त सम्झौतालाई दुवै कम्पनीको सञ्चालक समितिले सर्वसम्मतीले पारित गरिसकेको छ भने अब शेयरधनीहरुको स्वीकृति र आवश्यक कानूनी प्रक्रिया पूरा गरेपछि कम्पनी नास्डाकमा सूचीकृत हुनेछ।

अमेरिकाको कोलम्बिया विश्वविद्यालयमा सहप्राध्यापक समेत रहनुभएका डा मास्केले सन् २०१३ मा फ्युजमेसिन्स कम्पनी स्थापना गर्नुभएको थियो। हाल फ्युजमेसिन्स कम्पनीले नेपाल, अमेरिका र क्यानाडाका विभिन्न कम्पनी तथा संस्थासँग काम गरिरहेको छ। कम्पनीमा कार्यरत चार सय ५० जना कर्मचारीमध्ये ३५० जना नेपालबाट काम गरिरहेको उनले बताए।

डा मास्केले भने, "कम्पनीको संस्थापकका रुपमा विश्वको प्रमुख वित्तीय साधन परिचालन गर्ने निकाय नास्डाकमा सूचीकृत भएर कारोबार गर्न पाउनु कम्पनीका लागि कोसेढुङ्गा नै हो । यसबाट कम्पनीले आर्टिफिसियल इन्टेलिजेन्सका क्षेत्रमा ठूलो फड्को मार्ने आशा गरेको छु ।"सम्झौताअनुसार सीएलएलएममा आबद्ध भएकाहरुले पाइप फाइनान्सिङ र प्रिक्लोजिङ फाइनान्सिङ गरी मितिश्र ढङ्गले फ्युजमेसिन्समा १९ दशमलव ४४ मिलियन डलरसम्म लगानीको प्रतिबद्धता जनाएका छन्।

# तरकारी खेतीबाट मनग्य आम्दानी



टुडे समाचारदाता

मध्यविन्दु । नवलपरासी (बर्दघाट सुस्तापूर्व)को देवचुली नगरपालिका-१६ मा नर्सुल्ला मियाँले व्यावसायिक तरकारीखेतीबाटै मनग्य आम्दानी गर्न सफल भएका छन् । अन्ठाउन्न वर्षीय मियाँ विगत २० वर्षदेखि देवचुलीमा तरकारीखेती गर्दै आएका छन् ।

बीस वर्षअघि कामको खोजीमा वीरगञ्जबाट देवचुली आउनुभएका मियाँले व्यावसायिक तरकारीखेतीबाटै जग्गाजमिन किनेर परिवारसहित स्थायीरूपमा यहीँ बसोबास गर्न थालेका हुन् । बितेको २० वर्षमा तरकारीबाटै मियाँको जीवन धेरै बदलिएको छ भने पारिवारिक स्थिति पनि निकै राम्रो भएको छ । मियाँले भने, "तरकारीखेतीबाटै मैले जीवनमा प्रगति गरेको हुँ, यहीँ व्यवसायबाट सबै परिवारलाई यहीँ सारेँ, घरघडेरी जोडे अनि चारजना छोराछोरीको पढाइसँगै विवाह पनि उम्काइसकेँ ।"

पूर्व-पश्चिम राजमार्गसँगै जोडिएको दुई बिघा जमिनमा खेती गर्नुभएका मियाँले वार्षिक तीन याममा तरकारी उत्पादन गर्ने गर्नुभएको छ । अहिले काउली, बन्दा, बड्काउली बेच्न भ्याइनभ्याई भएको छ । केही हप्ताअघिसम्म काउलीको मूल्य नपाएर चिन्तित मियाँले अहिले काउली बारीबाटै प्रतिकिलो रु २५ मा बेचेका छन् ।

"काँक्रो, करेला पनि लगाएको छु, अहिले बेचिरहेको छु, लगाएकामध्ये आठ कट्ठाको तरकारी बिक्री भइसक्यो", उनले भने, "यो याममा काउलीको भाउ नआउँदा केही घाटा भयो तर अहिले बजार सुधारियो पूरै घाटा त हुँदैन जस्तो छ ।"

वर्षभरि तरकारी फलाउने र बेच्ने मियाँले नाफाघाटाको हिसाब भने वैशाखमा मात्र गर्ने गर्नुभएको छ । एक याममा तरकारी लगाउँदा करिब रु तीन लाख खर्च लाग्ने गरेको उनले बताए । कुनै याममा लगानीसमेत नउठ्नेगरी घाटा हुने गरेको मियाँको अनुभव छ । "तरकारीको बजारभाउ घटबढ हुनाले सबै सिजनमा नाफै हुन्छ भन्ने हुँदैन", उनले भने, "एक याममा घाटा भए पनि अर्कोमा त्यसलाई परिपूर्ति गर्ने लक्ष्यका साथ काम गर्ने गरेको छु, त्यसैले आजसम्म टिकेको हुँ ।"आफूले सक्दासम्म नर्सुल्ला मियाँलाई तरकारीखेतीमा नै रमाउने मन छ । यहीँ व्यवसायबाट राजमार्ग छेउमा १२ कट्ठा जमिन जोड्न सफल हुनुभएका मियाँका छोराछोरी पनि अहिले तरकारीखेतीमा सहभागी भएका छन् । "मेहनत गरे कृषिक्षेत्रमा राम्रो गर्न सकिन्छ, धैर्यता र लगनशीलता चाहिन्छ", उनले भने ।

देशमा सम्भावना नदेखेर युवाहरू विदेशिने क्रम बढिरहेको बेलामा नवलपरासी (बर्दघाट सुस्तापूर्व) मा मियाँजस्तै किसानले तरकारीखेतीमार्फत वैदेशिक रोजगारीबाट प्राप्त हुनेभन्दा धेरै आम्दानी गरी उदाहरणीय बनेका छन् । त्यसैमध्येका अर्का देवचुली-१६ कै नौसाद मियाँले पनि दुई बिघा जमिनमा तरकारीखेती गर्छन् । वीरगञ्ज घर भएका नौसादको परिवार तरकारीखेतीकै लागि देवचुली आएको हो । उनको बारीमा काउली फलेका छन् । तीन याममा तरकारी फलाउने नौसादले अहिले धान भित्र्याएपछि टमाटर, भिन्डी, घिरौँला लगाएका छन् । उत्पादन भएको तरकारी खरिद गर्न ग्राहक बारीमै आउँछन् । बजारको खासै पिर छैन । "तीन सिजन तरकारीखेती गर्ने गरेका छौँ, धान काटेर तरकारी लगाउँछौँ", उनले भने, "तीस मुरी धान फल्छ यही जमिनमा अनि तरकारी लगाउँछौँ, वर्षभरि खाने अन्न पनि जोहो हुन्छ ।"

अघिल्लो सिजनमा लगाएको काउलीको उचित मूल्य नपर्दा मियाँले आधा नै घाटा बेहोर्नुपर्यो। अबको उत्पादनले भने राम्रो आम्दानी हुने मियाँले आशा राखेका छन् । तरकारीले लागतअनुसारको मूल्य पाए सबै खर्च कटाएर एक सिजनमा रु ६० हजारसम्म बचत हुने उनको अनुभव छ । तरकारीखेतीबाटै नौसादको घरपरिवार राम्रोसँग चलेको छ । "कहिलेकाहीँ ठीकठीकै हुन्छ, कहिलेकाहीँ घाटा पनि हुन्छ, आत्तिनु भएन", उनले भने, "एक याममा रु छ-सात लाखको कारोबार हुन्छ ।"तरकारीखेतीबाटै नौसादले छोराछोरीको पठनपाठन, औषधोपचारलगायतको घरखर्च राम्रोसँग चलाउनुभएको छ । उत्पादन भएको तरकारी स्थानीय बजारसँगै नारायणगढ, पोखरा, काठमाडौँ निर्यात हुने गरेको उनले बताए । "वर्षौंदेखि व्यावसायिक तरकारीखेती गरे पनि सरकारले भने आवश्यकतानुसार सहयोग गरेको छैन", उनले भने, "सरकारले दिने अनुदान वास्तविक किसानसम्म आउनै सकेको छैन ।"

# माटोमा अम्लीयपन बढ्दा उत्पादन घट्दो

टुडे समाचारदाता

बेलबारी । किसानले बालीमा जथाभावी रासायनिक मल र विषादीको प्रयोग गर्दा माटोको उर्वराशक्तिमा ह्रास हुँदै जानुको साथै अम्लियपन बढ्दै गएको छ । कोशी प्रदेशमा ८० प्रतिशत अम्लियपनयुक्त माटो रहेको कोशी प्रदेशस्थित माटो तथा मल परीक्षण प्रयोगशाला कार्यालय झुम्का सुनसरीले जनाएको छ ।

किसानले अव्यवस्थित रूपमा रासायनिक मलको प्रयोग गरेकाले माटोले उत्पादकत्व गुमाउँदै गएको कार्यालयका प्रमुख विगम्बर यादवले जानकारी दिए ।

"प्रदेशका विभिन्न ठाउँमा नमुना जाँच गरिएको धेरैजसो माटोमा ८० प्रतिशत अम्लियपन फेला परेको छ । दशवर्ष अघिभन्दा अहिले झण्डै २५ प्रतिशत



हाराहारीमा अम्लियपन बढेको छ", उनले भने । मोरङ बेलबारी नगरपालिकाको सहजीकरण तथा प्रयोगशालाको आयोजनामा बेलबारीस्थित घुम्ती प्रयोगशालामार्फत माटो परीक्षण शिविरमा स्थानीय ५६ किसानको सहभागिता थियो ।

उक्त शिविरमा किसानद्वारा परीक्षणका लागि ल्याइएका माटोको अम्लिय, क्षारीय, नाईट्रोजन, फस्फोरस, पोटास, प्राङ्गारिक पदार्थ र माटोको भूवनोट जाँच गरिएको प्रमुख यादवले जानकारी दिए । उनका अनुसार समग्र प्रदेशभरीको माटोमा प्राङ्गारिक मलको मात्रा निकै कम देखिएको छ । "जसमा नाईट्रोजन ५६, फस्फोरस ६२ र पोटास ७४ प्रतिशतले कमी देखिएको छ। यो खेतीयोग्य जमिनका लागि दुर्भाग्य हो", उनले भने ।

अम्लियपन माटोमा प्रत्येक वर्ष बढ्दै गएको छ । बर्सेनि रासायनिक मलको प्रयोग बढ्दै जानु र प्राङ्गारिक मलको प्रयोग घट्नु, बाली सघनता बढ्नु र बाली चक्र नअपनाउनाले माटोको उर्वरा शक्ति घट्दै गएको प्रमुख यादवको भनाइ थियो । "माटोमा रासायनिक मलको प्रयोग बढ्दो छ।

सन्तुलित रुपमा मलको प्रयोग गर्दै प्राङ्गारिक पदार्थ बढाउनुपर्छ", कृषि विज्ञ राजेन्द्र उप्रेतीले भने, "बालीचक्र बिचमा एक पटक कोसेबाली लगाउनु अनिवार्य छ ।" सजिलोको नाममा मकै, धानलगायत बाली उठाइसकेपछि बोटलाई खेतमै जलाउने गर्नाले माटोको गुणलाई नष्ट गरी गड्यौला, कमिलालगायत जीवलाई समेत नष्ट गर्ने उनले बताए ।

"माटोमा पाइने गड्यौला, कमिलालगायत जीवले माटोलाई उर्वर बनाउन मद्दत गर्छन्", कृषि विज्ञ उप्रेतीले "यसरी खेतमा आगो लगाउँदा ती जी जलेर नष्ट हुँदा माटोको उर्वराशक्तिमा पनि कमी ल्याउछ ।"

माटोमा भएको अम्लियपन सुधारका लागि खेतीयोग्य जमिनमा हुने उत्पादन क्षमता कायम राख्नुपर्ने उनको भनाइ थियो । माटोको उत्पादन बढाउन नियमित माटो परीक्षण गराउने, चुन र प्राङ्गारिक मलको प्रयोग बढाउनेलगायत काम गर्नुपर्ने कृषि प्राविधिकले सुझाव दिएका छन् ।

# स्मृति दिवसमा स्व. सिंहको सम्झना



टुडे समाचारदाता

राजविराज । मधेशी अधिकारका लागि संगठित अभियानको नेतृत्वकर्ता स्व. गजेन्द्र नारायण सिंहको योगदान बारे चर्चा गर्दै उनलाई स्मरण गरिएको छ।

स्व. सिंहको २२ औं स्मृति दिवसको अवसरमा स्मरण गर्दै विभिन्न कार्यक्रमको आयोजना गरी बुधबार राजविराजमा स्मृती दिवस मनाइएको छ।

यस अवसरमा लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) सप्तरीले श्रद्धाञ्जली सभा, बिचार गोष्ठी र सालिकमा माल्यार्पण लगायतका कार्यक्रम गरेका छन्।

लोसपा जिल्ला अध्यक्ष सुनिल कुमार झाको अध्यक्षतामा उद्योग वाणिज्य संघको सभाहलमा आयोजित गजेन्द्र नारायण सिंह एवं संघवादको औचित्य विषयक विचार गोष्ठीमा लोसपाका केन्द्रीय उपाध्यक्ष जयप्रकाश ठाकुर, पूर्व नगर प्रमुख शैलेश चौधरी, शम्भू प्रसाद यादव, राजविराज नगरपालिकाका पूर्व उपप्रमुख साधना झा, लोसपाका केन्द्रीय सदस्य दीपेन्द्र चौधरी, पत्रकार महासंघ सप्तरीका सभापति श्रवणकुमार देव, महिला नेतृ पुनम यादव, प्राध्यापक अमरकान्त झा, जसपा नेता विकास तिवारी लगायतले स्व. सिंहको मधेश आन्दोलनमा रहेको योगदान तथा उनले अघि सारेको विचार अहिले पनि उत्तिकै सान्दर्भिक रहेको बताएका थिए।

यसअघि लोसपा नगर समितिद्वारा नगरमा सरसफाई, तथा गजेन्द्र चोकस्थित स्व. सिंहको शालिक तथा सप्तरी सेवा आश्रममा रहेको उनको समाधि स्थलमा माल्यार्पण गरिएको थियो।

लोसपा नगर समितिका अध्यक्ष समेत रहेका केन्द्रीय सदस्य दीपेन्द्र चौधरीको अगुवाइमा उक्त कार्यक्रम सम्पन्न भएको सो पार्टीले जनाएको छ।

# चिसोका कारण बन्द विद्यालयहरू सञ्चालन

**टुडे समाचारदाता**

जनकपुरधाम । शीतलहरका कारणले बन्द भएको जनकपुरधाम उपमहानगरपालिकाको विद्यालयहरू शीतलहर कायमै रहँदा पनि सञ्चालनमा ल्याइएको छ।

विद्यालय खुले पनि शीतलहर कायमै रहेकाले विद्यालयहरूमा विद्यार्थीको उपस्थिति न्यून रहेको छ। चिसोका कारणले विद्यालयका बालबालिकाहरू प्रभावित हुन थाले पनि उपमहानगरपालिकाले पुस २९ गतेदेखि जनकपुरधाम उपमहानगरपालिका क्षेत्रका सम्पूर्ण विद्यालयहरू माघ ९ गतेसम्मका लागि बन्द गरेको थियो।

गत सोमवार र मङ्गलवार जनकपुरधामसहित मधेश प्रदेशका जिल्लाहरूमा बिहानदेखि नै घाम लागे पनि बुधबार बिहानदेखि पुनः पश्चिम दिशाबाट चलेको चिसो हावासहितको शीतलहरका कारणले यहाँ अत्यधिक मात्रामा चिसो बढेको छ।

चिसो अझै पनि कम नभएका कारणले विद्यालयहरू खुल्ला भए पनि विद्यार्थीहरू निक्कै कम मात्रामा विद्यालयमा उपस्थित भएको विभिन्न विद्यालयका सञ्चालकहरूले जनाएका छन्।

जनकपुरधामको संकट मोचन देवशरण रामरति माध्यमिक विद्यालयमा ५० प्रतिशत विद्यार्थी कम आएको विद्यालयले जनाएका छन्।

बिहानदेखि नै घाम नलागेको र पश्चिम दिशाबाट चिसो हावा चलेपछि चिसो बढेको कारणले बजारको चहलपहलमा कमी आएको छ। दिनभरि नै घाम नलागेका कारणले मधेश प्रदेशको धनुषा, महोत्तरी, सर्लाही, सिराहा तथा सप्तरी जिल्लाका जनजीवन प्रभावित बनेका छन्।

# चिसोबाट बच्न दाउराको प्रबन्ध



**टुडे समाचारदाता**

रौतहट । शीतलहर बढेसँगै चिसोबाट बच्न रौतहटका नौ वटा स्थानीय तहले आ-आफ्नो पालिकामा दाउराको प्रबन्ध गरी आगो ताप्ने व्यवस्था मिलाएका छन्।

अत्यधिक चिसो बढेर जनजीवन कष्टकर बनेपछि रौतहटको एक गाउँपालिका र आठ वटा नगरपालिकाले दाउराको प्रबन्ध गरी आगो ताप्ने व्यवस्था मिलाएका हुन्।

१६ वटा नगरपालिका र दुई वटा गाउँपालिका गरी १८ स्थानीय तह रहेको रौतहटमा हालसम्म नौ वटा पालिकाले मात्र दाउराको प्रबन्ध गरी चोक-चोकमा आगो बालेर सर्वसाधारणलाई न्यानो बनाउने काम गरेको छ।

अन्य पालिकाले पनि दाउराका लागि आवेदन गरेको डिभिजन वन कार्यालयका रौतहटका सूचना अधिकारी विमल ठाकुरले जानकारी दिए।

उनकाअनुसार यमुनामाई गाउँपालिकासहित हालसम्म गौर, ईशनाथ, परोहा, राजपुर, राजदेवी, गरुडा र देवाहीगोनाही नगरपालिकाले जिल्ला वन पैदावार आपूर्ति समितिबाट करिब ३० चट्टा दाउरा खरिद गरी लगेका छन्। ती पालिकाले तोकिएको सरकारी दस्तुर भुक्तान गरी दाउरा लगेका छन्।

आपूर्ति समितिले सालका दाउरा प्रति चट्टा २८ हजार आठ सय र अन्य जातका दाउरा प्रति चट्टा २३ हजार पाँच सय रुपैयाँमा बिक्री गर्दै आएको छ।

पश्चिमी वायु चलेर शीतलहरको प्रकोप बढेपछि पालिकाले चोक-चोकमा दाउराको प्रबन्ध मिलाई आगो बाल्नाले जाडोबाट अत्यधिक प्रभावित बनेका गरिब तथा विपन्न वर्ग खुसी भएका छन्। खासगरी बालबालिका तथा वृद्धवृद्धा विशेष खुसी देखिन्थे।

जाडोले गर्दा चहलपहल नै घटेका कारण चोक तथा बजारमा दाउरा बाल्ने व्यवस्था मिलाएको गौर नगरपालिकाका प्रमुख शम्भु साहले बताए। डिटीमा खटेका सुरक्षाकर्मी समेत यसबाट लाभान्वित बनेका छन्।

# आन्दोलनमा समर्थन बढ्दै

**टुडे समाचारदाता**

राजविराज । बिटौरी जग्गा वाहकलाई लालपूर्जा र फुकुवा प्रक्रिया अविलम्ब सुरु गर्नु पर्नेसहितका विभिन्न माग राखी आन्दोलनरत वडा सदस्यरुले विगत ७ दिनदेखी राजविराज नगरपालिकाको कार्यालय अगाडि थालेको धर्ना कार्यक्रममा सहभागिता बढ्दै गएको छ।

यसैक्रममा बुधबारको धर्नामा मधेश प्रदेश सभा सदस्य सतिशकुमार सिंहसहित नागरिक बाहकहरुको समस्या समाधानका साथै नगरपालिकाबाट प्रदान गरिने सेवा चुस्त दुरुस्त बनाउनु पर्ने, नगरबाट पारित योजनाहरु अविलम्ब कार्यान्वयनमा ल्याउनु पर्ने, नगर क्षेत्रमा सीसी क्यामरा जडान गर्नु पर्ने, छाडा पशुचौपाया नियन्त्रण गर्नु पर्ने, सुरक्षा तथा नगरका अन्य समस्या व्यवस्थापनका लागि नगर प्रहरी भर्ना गर्नु पर्ने लगायतका ७ बुंदे माग राखी चरणबद्ध आन्दोलन थालिएको संघर्ष समितिका संयोजक रामानन्द



अगुवा र विभिन्न राजनीतिक दल तथा संघसंस्थाका प्रतिनिधिहरु पनि उल्लेख्य संख्यामा सहभागी भई ऐक्यवद्धता जनाउँदै वडा सदस्हरुले उठाएका जनहित र आफ्नो अधिकारका ७ बुँदे माग पूरा गर्न स्थानीय, प्रदेश र संघीय सरकारसँग माग गरेका छन्। बिटौरी जग्गा देवले जानकारी गराए।

आन्दोलनरत राजविराज नगरपालिकाका वडा सदस्यहरुले जनहित एवं आफ्ना अधिकार सहितका विभिन्न ७ बुंदे माग राखी गत बिहीबारदेखी नगरपालिकामा धर्ना दिइरहेका छन्।

# अज्ञात रोगले बाख्रा मर्न थालेपछि किसान चिन्तित



**टुडे समाचारदाता**

वीरेन्द्र बजार । सप्तरीको अग्निसाइर कृष्णासवरन गाउँपालिका लगायत क्षेत्रमा अज्ञात रोगले बाख्रामर्न थालेपछि किसानहरु चिन्तित भएका छन्। पातलो दिशा गर्ने, नाकबाट सिंगान बग्ने, मुख, गिँजा तथा जिब्रोमा घाउ हुने र ज्वोरो आउने रोगको लक्षण देखापरेको तीनचार दिनमै बाख्रा मर्ने गरेपछि किसानहरु चिन्तित भएका हुन्।

बाख्रामा देखिएको अज्ञात रोगबाट दर्जनौं बाख्रा तथा पाठापाठी मरेको अग्निसाइर कृष्णासवरन २ की किसान सरस्वती तामाङले बताइन्। उनले स्थानीय ग्रामीण पशु स्वस्थ्य कार्यकर्तालाई देखाउँदा समेत रोग नियन्त्रणमा नआएको जानकारी दिइन्।

"एकहप्ता जति भयो, रोगको लक्षण देखापरेको र दिनहुँ बाख्रा पर्न थालेको, उनले भनिन्, माउँ बाख्रा र पाठापाठी गरी १३ वटा मरिसकेको छ, अझै १५/२० वटा बाख्रामा रोगको लक्षण देखिएको छ, गाउँका पशु रोग विशेषज्ञलाई देखाउँदै हजारौं रुपैयाँ सकियो तर बाख्रा मर्नेक्रम रोकिएको छैन।"

उनले यसरी नै बाख्रा मर्ने क्रम नरोकिने हो भने खोरैरित्तो हुने भन्दै चिन्ता व्यक्त गरिन। यसै गरी अग्निसाइर कृष्णासवरन २ कै राम बहादुर राई, भीम बहादुर राई, रमेश गोले तामाङ, तिलक तामाङलगायतका किसानहरूले पालेको बाख्रामा रोग फैलिँदा दर्जनौं बाख्रा मरेका छन् भने सयौंको संख्यामा बाख्रा विरामी रहेको स्थानीयले जनाएका छन्।

यस्तै रुपनी गाउँपालिका ६ स्थित तेरहौता, जगमोहन, भटनियाँमा समेत पिपिआर संग लक्षण मिल्ने रोगको प्रकोप फैलिएको ग्रामीण पशु स्वास्थ्य कार्यकर्ता श्याम कुमार चौधरीले बताए।

अग्निसाइर कृष्णासवरन गाउँपालिकाका पशु स्वास्थ्य संयोजक राज कुमार ठाकुरले तत्कालै रोग प्रभावित क्षेत्रको अनुगमन गरी उपचारको व्यवस्था मिलाउने बताए। रोग प्रभावित क्षेत्रमा घेरावन्दी गरी उपचारको व्यवस्था मिलाउने तथा बाहिर रोग फैलिन नदिन भ्याक्सिन लगाउने उनले जानकारी दिए।

# दलित बस्तीमा खानेपानीको हाहाकार

**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषाको बटेश्वर गाउँपालिका-४, स्थित दलित बस्तीका ६५ घरपरिवार वर्षौंदेखि खानेपानीको समस्या झेल्दै आएका छन्। पुरै बस्तीमा खानेपानीको एउटा पनि स्रोतसाधन नभएकाले उनीहरू वर्षौंदेखि खानेपानीको समस्याबाट ग्रसित हुँदै आएका छन्।



दलित बस्ती बटेश्वर गाउँपालिका कार्यालयको ढोका अगाडि छ। त्यति नजिक भए पनि उनीहरूको समस्याप्रति जनप्रतिनिधि र जिम्मेवार कर्मचारीको नजर पुग्न सकेको छैन। कार्यालयको गेटबाट मुस्किलले २० मिटरको दुरीमा सो दलित बस्ती छ।

बस्तीमा डुम, चमार, दुसाद र मलहा लगायत दलित समुदायको बसोबास छ। आफूहरू दलित भएकै कारण राज्यका निकायले विगतदेखि भोग्दै आएको खानेपानीको समस्या समाधानका लागि पहल नगरेको उनीहरूको आरोप छ।

पुरै बस्तीमा चापाकल, इनार, डिप ट्यूबवेल लगायत खानेपानीको कुनैपनि स्रोत नभएकाले यहाँका दलित समुदाय वर्षौंदेखि खानेपानीको कष्ट झेल्दै आएको स्थानीय मणिलाल पासवानले बताए। परको गाउँबाट पानी ल्याएर यहाँका बासी गर्जो टार्ने गरेको उनले जानकारी दिए।

उनले भने, "गाउँमा दशकौं पुरानो एउटा इनार थियो। त्यसबाटै पानी उपभोग गर्दथ्यौं। एक दशक अगाडि सो इनार भासिएर पानी आउन छोडेपछि यहाँ खानेपानीको समस्या सृजना भएको छ।" यहाँको समस्या लिएर स्थानीय तहका जनप्रतिनिधिलाई पटक-पटक जानकारी गराउँदा पनि उनीहरू बेवास्ता गर्दै आएको पासवानले गुनासो गरे।

सोही गाउँकी रिता मल्लिकले यहाँ खानेपानीको चरम समस्या रहेको बताए। उनले भने, "यहाँ त पानी किनेर खानुपर्छ। इनारमा निजी मोटर जडान गरेकालाई पानी भरेको मासिक दुई-अढाई सय रुपैयाँ तिर्नुपर्छ।" परबाट तसला, गाग्री र प्लाष्टिकको जर्किनमा पानी बोकेर ल्याउने गरेको देखाउँदै उनले पानी बोकेर ल्याउँदा शारीरिक समस्या हुने गरेको बताए।

गाउँको सडकमा पक्की ढलान भएपछि स्थानीयले जनप्रतिनिधिको प्रशंसासमेत गरेका छन्। गत आर्थिक वर्षमा स्थानीय तहको आर्थिक स्रोतबाट गाउँको बाटोमा पक्की ढलान गरिएको स्थानीय फुलोदेवी पासवानले बताए। "तर, खानेपानीको समस्या जस्ताको त्यस्तै छ। गाईगोरुलाई पानी खुवाउनदेखि लत्ताकपडाका साथै नुहाउनका लागि पानीको समस्या छ", उनले भने।

सोही वडाका वडाध्यक्ष नीरज कार्कीले दलित बस्तीमा गतवर्ष मात्र सात वटा चापाकल गाडिएको दाबी गरे। जमिन मुनि पानी सतह घट्दै गएपछि सो चापाकलहरु सकेर गाउँमा खानेपानीको समस्या भएको उनले बताए। उनले चालू आर्थिक वर्षमा सो ठाउँमा एउटा गाडिने योजना रहेको बताउँदै त्यसका लागि बजेटसमेत बिनियोज भइसकेको जानकारी दिए।

बटेश्वर गाउँपालिकाका अध्यक्ष रामअशिष महतोले तत्कालै कार्यालयबाट दलित समुदायलाई पानी उपलब्ध गराउने बताउँदै दीर्घकालिनरुपमा समस्या समाधानका विकल्प खोजिने बताए।

# हिउँदे वर्षा नहुँदा किसान चिन्तित

टुडे समाचारदाता

जलेश्वर । माघ दोस्रो साता बित्नै लाग्दासम्म हिउँदै वर्षा नहुँदा किसान चिन्तित भएका छन्। चिसोले खेतबारीमा लगाइएका बालीका बिरुवा कक्रँदै गएको छ।

"हुस्सु र चिसो स्याँठले अझै छाडेको छैन", महोत्तरीको बलवा-१० धमौराका हासिम राइनले भने, "एकपटक पानी परे हुस्सु फाटेर चिसो हावा चल्न छाड्ने थियो, तर खै पानी पर्ने त छाँट नै छैन।" पानी नपर्दा लगातारको शीतलहरले तरकारी बालीलाई क्षति पुऱ्याएको उनको गुनासो छ। "बाक्लो तुसारोले आलु बोटमै सुक्यो, गोलभेँडा सड्दै बोटबाट झर्दैछन्, कोभीका फूल बढ्न नसकेर कक्रेका छन्", उनले भने, "एकपटक अहिले पानी परे मौसम सफा भएर घाम तात्न थाल्थे, बालीनालीलाई राहत मिल्थ्यो।"

विगतमा माघ लागेपछि हुस्सु फाट्दै गएर पारिलो घाम लाग्ने किसान बताउँछन्। "तिलासंक्रान्ति पर्व मनाएपछि त घाम तात्थ्यो, तर यसपालि त माघ आधा हुनलाग्दासम्म हुस्सुले छाडेको छैन", भङ्गाहा-४ रामनगरका ८५ वर्षीय किसान मोती महतोले भने, "यो मौसमको कुलक्षण नै हो, आउने दिन खुसीका हुने छैनन्।" हिउँदे वर्षा नहुँदा बालीनाली हुर्कन नसकेका र खानेपानीका स्रोत मुहान सुक्दै जान सक्नेमा उनले चिन्ता व्यक्त गरे।

हिउँदे वर्षा कुहासा (हुस्सु) फटाउने, चिसो पश्चिमी हावा (स्याँठ) चल्न छाड्ने र क्रमशः घाम तताउँदै लानेमात्र नभई बालीनालीका लागि अत्यन्त पोषिलो हुने जनाइएको छ। बर्दिबास-१२ डाँडाटोल बिजलपुराका ७५ वर्षीय किसान रामसुन्दर ठाकुरले भर्खरै हुर्कँदै गरेका वैशाखी लहरे तरकारी, उखु, अन्नबालीमा गहुँ र आँपसहितका फलका रुख हिउँदे वर्षा पाएपछि लहलहाउने बताए।

हिउँदमा पानी नपरेपछि खानेपानीका स्रोत इनार, चापाकल पनि गर्मी चढेसँगै चाँडै सुक्ने गरेका छन्। भङ्गाहा-४ रामनगरकै ९० वर्षीय हाजीबिहारी अन्सारीले यसपालि माघ दोस्रो साता बित्दै गर्दासम्म पानी नपरेको हुँदा नै हुस्सु र चिसो हावा नफाटेको बताए।

फलफूलखेती (आँप, लिच्ची, सपाटो र रुखकटहरसहितका फल) सघन हुने बर्दिबास नगरपालिकाका बिजलपुरा, पशुपतिनगर, खयरमारा, चेरु, गणन्ता, ढुङ्गे, टुटेश्वर, पाटु, वरडाँडा र माईस्थानका किसान यसपालि हिउँदे वर्षा नभएपछि फलका रुखमा मज्जर (मञ्जरी) कम लाग्ने, मज्जर धेरै झर्ने र मधुवारोगको समस्या बढ्ने चिन्तामा छन्। यसैगरी जिल्लाकै फलफूलखेतीको पकेटक्षेत्र मानिने गौशाला नगर क्षेत्रका भरतपुर, लक्ष्मीनियाँ र बेलगाछीका किसान पनि हिउँदे वर्षा नहुँदा अपेक्षित उत्पादन लिन नसकिने जनाइएको छ।

हिउँदे वर्षाले बालीनालीका लागि माटो भिजाउनेमात्र नभई रोग लाग्न नदिने र बाली हलक्क बढाउने गर्दछ। "हिउँदे वर्षा सिँचाइका लागिमात्र होइन, बालीको पोषण र रोग प्रतिरोधका लागि पनि सहयोग हुन्छ", बर्दिबास-९ पशुपतिनगरको झ्याकुलेटोलका ६५ वर्षीय किसान महेन्द्र महतोले भने, "हिउँदे वर्षा नहुँदा प्रकृतिका सन्तुलन खलबलिन्छन्, जताततै यसको असर बढ्नेछ।" हिउँदे वर्षाको मानव र यावत जीवजन्तुको स्वास्थ्य र अन्य आहारव्यहारमा पनि सकारात्मक प्रभाव हुने ८५ वर्षीय नथुनी महतोको अनुभव छ।

महोत्तरीको कुल ७१ हजार हेक्टर खेतीयोग्य जग्गामध्ये अधिकांशमा आकाशे पानीको भरमा खेती गरिन्छ। यहाँ १० प्रतिशतमात्र खेतीयोग्य जग्गामा स्थायी सिँचाइ (कुलो, नहर लाग्ने) पुगेको छ। हिउँदे वर्षा नहुँदा पानीका मुहान चाँडै सुक्ने र विभिन्न रोगव्याधका समस्या पनि बढ्ने गर्छन्।

# प्रादेशिक अस्पताल गौरमा इमरजेन्सी बाहेकका सबै सेवा ठप्प




**टुडे समाचारदाता**

रौतहट । रौतहटको सदरमुकाम गौरस्थित प्रादेशिक अस्पतालमा कार्यरत डाक्टरहरु आन्दोलनमा उत्रिएका छन्। समयमा तलब भत्ता नपाएको भन्दै उनीहरुले इमरजेन्सी बाहेकका सबै सेवा बन्द गरेका हुन्।

डाक्टरले ओपीडी लगायतका सेवा बन्द गरेपछि उपचारका लागि आएका बिरामी मार्कामा परेका छन्। तलब सुविधाको माग गर्दै डाक्टर आन्दोलित भएपछि गौर अस्पतालमा सात गतेदेखि सर्वसाधारणले इमर्जेन्सीबाहेकका सेवा पाउन सकेका छैनन्।

अस्पताल सञ्चालन तथा व्यवस्थापन समितिका अध्यक्ष अनवर हासमीले नेपाली कांग्रेस मधेश प्रदेशका सभापति तथा मन्त्री कृष्णप्रसाद यादव लगायतको हस्तक्षेपका कारण अस्पतालको अवस्था दयनीय भएको बताए।

अस्पतालका ११ जना डाक्टरले विगत ७ महिनादेखि भत्ता र तीन महिनादेखि तलब नपाएपछि अस्पतालको इमर्जेन्सीबाहेकका सबै सेवा बन्द गरेको डाक्टर चन्दन सहनीले बताए।

आवश्यकता

जनकपुर टुडे राष्ट्रिय दैनिक पत्रिकामा तपसिल बमोजिमको कर्मचारी आवश्यकता भएको हुँदा ईच्छुक महानुभावहरुले बायोडाटा सहित जनकपुर टुडेको कार्यालयमा सम्पर्क गर्नु हुन जानकारी गराईन्छ।

कम्प्युटर अपरेटर - १ (एक) जना

सम्पर्क

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.

जनकपुरधाम, धनुषा

सम्पर्क नं. : ९८०१६२६०२६, ९८५४०२६०२५

भूकम्पबाट हुने क्षतिप्रति सचेत रहौं।

भूकम्पका कारण:

- घर, पुल तथा अन्य संरचना भत्कन सक्दछ।
- विद्युत तथा टेलिफोन सेवा अवरोध हुन सक्दछ।
- बाढी, पहिरो तथा आगलागीको जोखिम भई जनधनको क्षति हुन सक्दछ।

त्यसैले,

- घर, पुल तथा अन्य संरचना बनाउँदा भूकम्प प्रतिरोधी बनाऔं।
- घर वरिपरी तथा सार्वजनिक स्थललाई खुल्ला राखौं।
- भूकम्प गएमा खुल्ला र सुरक्षित स्थानमा जाऔं।

नेपाल सरकार

विज्ञापन बोर्ड

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८